वर्ष : १३, अंक : ३७, काठमाडौं, २०७४ पुस २१ गते शुक्रबार 5 January 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# ठूला दलमै क्षेत्रीयता हाबी

# संकीर्ण सोचले मधेश बदनाम हुँदै

मधेशवाणी डेस्क

काठमाडौं । स्थानीय तहको तेस्रो चरणको चुनावी अभियानका क्रममा भदौ २४ गते बारा पुगेका पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पहाडका विरूद्ध मधेश र मधेशका विरूद्ध पहाडलाई उभ्याउने अतिवादी सोच छोडेर पहाड र मधेशलाई जोड्न राजनीतिक दलहरूलाई अपील गरे ।

'पहाडका विरूद्ध मधेश र मधेशका विरूद्ध पहाड उभ्याउने सोचले देशको हित गर्दैन, राष्ट्रिय एकता बलियो हुँदैन, जनताले अधिकार पाउन पनि सक्दैनन् । त्यसैले सबै राजनीतिक पार्टीले पहाड र मधेशलाई भिडाउने होइन, जोड्नेतिर सोच्नुपर्छ'-उनको भनाइ थियो ।

वस्तुतः यस्ता प्रकारको सोच सुन्दा, बोल्दा राम्रै लाग्छ, ताली पनि पड्काइन्छ तर व्यवहार हेर्दा यसभन्दा पृथक रहेको पाइन्छ । मधेश र पहाडलाई जोड्न दलहरूले जति कुरा गरे पनि व्यवहारतः उनीहरूको रवैया ठिक विपरीत छ । यसका लागि धेरै टाढा पनि जानु पर्दैन र अन्य उदाहरण पनि हेर्नु पर्दैन । हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको समानुपातिक तर्फको सीट बाँडफाँडको परिणामलाई विश्लेषण गरियो भने ठूला दलहरूको क्षेत्रीय सोच उजागर हुन्छ । उनीहरू मधेश र पहाडलाई जोड्ने भावनात्मक कुरा गरे पनि व्यवहारमा कसरी ठिक उल्टो प्रदर्शन गर्छन्, प्रष्ट हुन्छ । (हेर्नोस बक्स)

समानुपातिक तर्फको सीट बाँडफाँड गर्दा सबै ठूला दलले मधेशप्रति अन्याय नै गरेर संकीर्ण राजनीतिको परिचय दिएका छन् ।

मधेशी दललाई क्षेत्रीयताको राजनीति मात्र गर्ने गरेको आरोप लगाइरहँदा तीन ठूला दलहरू काँग्रेस, एमाले र माओवादी केन्द्रले समानुपातिको सीट बाँडफाँड गर्दा किन क्षेत्रीय सोच अंगालेका हुन् ? उनीहरूलाई के त्यस्तो बाध्यता आयो कि मधेशलाई किनारा लगाउँदै पहाडी समुदायको मात्र आधिपत्य हुने गरी समानुपातिकका लागि नाम चयन गरे ?

नेपालमा क्षेत्रीयता र जातीयताको नारा उचाल्ने माओवादी पार्टी नै हुन् । स्थापनाको सुरूमा अन्याय, अत्याचार, भ्रष्टाचार तथा सुशासनको सपना देखाएको माओवादीले क्षेत्रीय र जातीय नारा दिएर समाज विभाजन गरेको इतिहास छ । माओवादीको क्षेत्रीयताको नक्कल गर्दै अहिले एमाले र काँग्रेस पनि उसैको पछि पछि लागेको छ ।

सदियौदेखि नङ र मासु जस्तै एक भएर बसेका सबै नेपालीलाई मधेशी तथा पहाडीको नारा लगाउँदै साम्प्रदायिक राजनीति गरेर आफ्नो रोटी सेक्ने वास्तवमा तीन ठूला दल नै हुन ।

सबै प्रकारको विभेददेखि असमानता मधेशमा मात्र छ । तर त्यहि मधेशमा चुनाव जितेर सत्ताको स्वाद चाख्ने तीन दल किन पटक-पटक मधेशप्रति अन्याय गर्छन् ? नेपालमा बसोबास गर्ने सबै नेपाली हुन् भने मधेशी र पहाडीको कुरा उठाएर साम्प्रदायिक गतिविधि गर्नु भनेको देशलाई अराजकताको भूमरीमा फसाएर विनाशतर्फ धकेल्नु हो ।

नेपालमा जातीयता र क्षेत्रीयताको नारासहित सङ्घीय अवधारणा माओवादीको बुई चढेर आएको भन्दा अतिश्योक्ति नहोला । तर अब यो क्षेत्रीयतावादी राजनीतिमा रमाउने र त्यसैमा आफ्नो भविष्य खोज्ने-देख्नेहरूको मुख्य एजेन्डा बन्न पुगेको छ र समानुपातिकको सीट बाँडफाँडको घटनाले यहि कुरालाई पुष्टि पनि गर्छ ।

नेपालको राजनीतिक इतिहास अस्थिरताको राजमार्ग उन्मुख भएर आजको यो क्षीतिजमा रूमलीरहेको छ । राणा शासन हुँदै निरंकुश पञ्चायती व्यवस्थाको जालोमा फस्दै हजारौ सहीदहरूको बलिदानीपूर्ण योगदानबाट नेपाल गणतन्त्रमा प्रवेश गरेको छ ।

वस्तुतः यो आवरणरूपी गणतन्त्र हो, स्वरूपमा गणतन्त्र भएको भए दलहरूले यस्तो बेइमानी गर्नेनै थिएनन् । सारत्वमा गणतन्त्रको मर्म र भावना अनुरूप व्यवहारिक पाटो गौण भएको प्रस्टै छ । गणतन्त्र र विभेद घाम र छाया जस्तै भएको छ । काँग्रेस र एमालेको संगठनिक इतिहास पुग नपुग लगभग सात दशकको छ तर उनीहरूको सोच राष्ट्रिय आकार लिन नसक्को छर्लंग देखिन्छ । मधेशी दललाई क्षेत्रीय राजनीति गरेको आरोप लगाउने ठूला दलहरूमै क्षेत्रीय सोच हाबी रहेको छ ।

राजनीतिक दल सम्बन्धी विश्वको उदाहरण हेर्दा कुनै पनि परिवर्तनकारी शक्ति राष्ट्रिय दलको आकार लिन लगभग त्यो राजनीतिक दलले एउटा मानव जीवनको समयावधि पार गरेको हुनु पर्दछ । तर नेपालमा काँग्रेस-एमालेले लगभग एउटा मानव जीवनको आयु पार गरेता पनि राष्ट्रिय आकार लिन नसक्को उनीहरूको पछिल्लो व्यवहारबाट प्रष्ट भएको छ ।

भर्खरै सम्पन्न प्रतिनिधिभसा र प्रदेशसभाको निर्वाचनमा एमाले पहिलो पार्टी बनेता पनि उ देशै भरिको जनताका मतादेशका आधारमा पहिलो पार्टी बन्न सक्को छैन । किनभने प्रदेश २ मा उ तीन वटै तहको चुनावमा पछि परेको छ । मधेशले एमालेलाई राष्ट्रिय पार्टी बन्ने हैसियत दिएको छैन ।

उसले आफू राष्ट्रिय दल हो भनी घमण्ड गरे पनि दुई नम्वर प्रदेशमा कमजोर पार्टी बनेको छ भने उसले क्षेत्रीय दल भनेर आरोप लगाउने दल भन्दा झन्डै दोब्बर कम मत ल्याएको हुँदा उसको तर्क राजनीतिक प्रोपोगान्डा मात्र रहेछ भन्ने बुझ्न सकिन्छ । ठूला दलहरूले प्राप्त गरेको मतपरिणामलाई केस्रा-केस्रा गरेर केलाउने हो भने ठूला दलहरू भनाउँदाको अवस्था साँच्चिकै निश्चित भूगोल, जाति, समुदाय र क्षेत्रमा मात्र सिमित रहेको देखिन्छ ।

## राष्ट्रिय दलहरूको समग्रमा प्रदेशसभा समानुपातिक संख्या

| क्र.सं. | पार्टी | कूल | पहाडी | | मधेशी | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | कांग्रेस | ७२ | ५३ | ७३.६ | १९ | २६.४ |
| २. | एमाले | ७५ | ६० | ८० | १५ | २० |
| ३. | माके | ३५ | २७ | ७७.१ | ८ | २२.९ |
| ४. | फोरम | १३ | ३ | २३.१ | १० | ७६.९ |
| ५. | राजपा | १२ | ० | ० | १२ | १०० |
| | जम्मा | २०७ | १४३ | ६९.१ | ६४ | ३०.९ |

## प्रदेशसभा समानुपातिकमा राष्ट्रिय दलहरूभित्र समावेशिताको अवस्था

| क्र.सं. | पार्टी | प्रदेश १ | | प्रदेश २ | | प्रदेश ३ | | प्रदेश ४ | | प्रदेश ५ | | प्रदेश ६ | | प्रदेश ७ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहाडी | मधेशी | पहाडी | मधेशी | पहाडी | मधेशी | पहाडी | मधेशी | पहाडी | मधेशी | पहाडी | मधेशी | पहाडी | मधेशी | पहाडी | मधेशी |
| १. | कांग्रेस | ९ | ४ | ० | ११ | १४ | ० | ९ | ० | ८ | ४ | ५ | ० | ८ | ० | ५३ | १९ |
| २. | एमाले | १२ | ३ | १ | ६ | १६ | ० | १० | ० | ८ | ५ | ६ | ० | ७ | १ | ६० | १५ |
| ३. | माके | ५ | ० | ० | ५ | ८ | ० | ३ | ० | ४ | २ | ४ | ० | ३ | १ | २७ | ८ |
| ४. | फोरम | १ | १ | २ | ७ | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ३ | १० |
| ५. | राजपा | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | १२ |
| | जम्मा | २७ | ८ | ३ | ३९ | ३८ | ० | २२ | ० | २० | १४ | १५ | ० | १८ | ३ | १४३ | ६४ |

### समावेशीकरणलाई बेवास्ता गर्नु भनेकै संविधानको उल्लंघन हो



**डा. सुरेन्द्र भण्डारी, अधिवक्ता**

हाम्रो संविधानको पाँचवटा महत्वपूर्ण खम्बाहरूमध्ये एक समावेशीकरण हो । त्यसैले, समावेशीकरणलाई बेवास्ता गर्नै मिल्दैन । समावेशीकरणलाई बेवास्ता गर्नु भनेकै संविधानको उल्लंघन हो । त्यसैले कुनै पनि राजनीतिक दलले समावेशीकरणलाई उल्लंघन गर्नुभएन । हिजो जुन समस्याहरू थिए त्यसलाई सम्बोधन गर्नका लागि हामीले नयाँ किसिमका संरचना र नयाँ संविधान लिएर आयौं । समावेशीकरणलाई लागू गरिएन भने नयाँ संरचना र संविधानमाथि नै प्रश्नचिन्ह खडा हुन थाल्छन् । त्यसैले, समावेशितालाई बेवास्ता गर्नै मिल्दैन । अहिले हामी राजनीतिक परिवर्तनको क्रममा छौं । त्यसले यस्ता किसिमका विचार र व्यवहारहरू हुनु अलिकति अस्वाभाविक नै हो । किनकि हामीकहाँ अहिलेसम्म राजनीतिक संस्कार स्थापित भइसकेको छैन । समयको क्रमानुसार राजनीतिक दलहरूले बुझ्नुपर्छ । मधेशीले गैरमधेशीलाई र गैरमधेशीले मधेशीलाई समावेशी गर्नैपर्छ ।

### समावेशीकरण गर्दा जनसंख्यालाई ख्याल गर्नुपर्छ

सुरेन्द्र महतो, वरिष्ठ अधिवक्ता



कानूनको उद्देश्य प्रदेश समावेशीकरण गर्ने नै हो । प्रदेशमा पनि हामीले त्यतिकै जोड दिनुपर्छ, जति संघमा समानुपातिक समावेशीकरणमा दिएका छौं । राजनीतिक दलहरूले जुन क्लस्टर तय गरिएको छ त्यो सीट संख्याको आधारमा पालना गर्नुपर्छ । प्रदेशहरूमा समानुपातिक समावेशीकरण गर्दा जनसंख्यालाई ख्याल गर्नुपर्छ । किनकि हरेक प्रदेशमा सबै समुदायको एउटै किसिमको जनसंख्या छैन । फरक-फरक किसिमको छ । त्यसकारणले हरेक प्रदेशमा जुन अनुपात छुट्याएको छ त्यो अनुपात पनि फरक-फरक छ ।

### हामीले गैरमधेशीलाई पनि उचित स्थान दिन्छौं



**रानी शर्मा तिवारी (वरिष्ठ उपाध्यक्ष, राजपा नेपाल)**

प्रदेशसभा समानुपातिकमा राजपाले गैरमधेशीलाई स्थान दिएन भनेर जुन प्रचार गरिएको छ, यसमा के छ भने यो पहिलो सूची हो अन्तिम होइन । खास प्रदेश नं. २ को कुरा गर्दा मधेशी आफ्नो पहिचान र अधिकारका लागि आन्दोलन गरिरहँदा गैरमधेशीको भूमिका पनि सराहनीय रहयो । त्यसैले, आगामी दिनमा अन्य अवसरहरू हामीले गैरमधेशीलाई पनि उचित स्थान दिने नै छौं । हामीले आगामी निर्णयहरूमा गैरमधेशी समुदायलाई उचित स्थान दिएर समायोजन गर्छौं । त्यसैले, प्रदेश नं. २ मा कुनै किसिमको द्वन्द्व हुँदैन ।

### हाम्रो पार्टीले कसैलाई काखापाखा गरेको छैन

**प्रहलाद गिरी (नेता, संघीय समाजवादी फोरम नेपाल)**



हाम्रो पार्टीले समानुपातिक समावेशितालाई उल्लंघन गरेको छैन । हामीले कम सीट पाएका छौं तैपनि मधेशी र गैरमधेशीलाई स्थान दिएकै छौं । प्रदेश नं. २ मा हामीले पाएको ९ सीटमध्ये दुई सीट गैरमधेशीलाई दिएका छौं । प्रदेश नं. २ मा गैरमधेशी मतदाता बढी भएका कारणले मधेशीले बढी सीट पाएका छन् । त्यसैले, कसैले फोरममाथि समावेशीकरण लागू गरेन भनेर प्रश्न तेर्स्याउन मिल्दैन । हाम्रो पार्टीविरूद्ध गलत प्रचारबाजी भएको हो । हाम्रो पार्टीले कसैलाई काखापाखा वा बेइमानी गरेको छैन ।

### समानुपातिक प्रणाली आफैमा विभेदकारी छ



**मनिष सुमन (महासचिव, राजपा नेपाल)**

राजपाले बुझाएको प्रदेशसभा समानुपातिक सूचि निर्वाचन आयोगले तोकेको मापदण्डकै आधारमा सामान्य र आवश्यकताअनुसार नै छ । हामीले बन्द सूचि बनाउँदा पार्टीका कर्मठ, योग्य र जुझारू नेताहरूलाई समावेश गरायौं । पार्टीमा योगदान गरेको कदर गर्दै सांसद मात्र होइन अन्य पुरस्कारबाट सम्मानित गर्नेछौं । अहिलेको बुझाएको नामावलीमा सबै कर्मठ नै छन् । खास प्रदेश नं. २ मा हामीले मधेशीलाई नै बढी प्राथमिकता दियौं । निर्वाचन आयोगको समानुपातिक प्रणाली आफैमा विभेदकारी छ । हामीलाई मत दिने सबै मधेशी समुदायका तर, विभिन्न ठाउँमा दिनुपर्ने गैरमधेशी समुदायलाई । हामी मधेशवादी पार्टी हौं, हाम्रो पार्टीमा गैरमधेशवादी कार्यकर्ता थोरै छन् ।



### प्रतिवेदनमा भएका कुरा जनताले थाहा पाउनुपर्छ : गिरीशचन्द्र लाल

अन्तर्वार्ता पृष्ठ ५ मा

### मधेशी दलले संविधान संशोधनको एजेण्डालाई सत्तामा जाने बाटो बनाए : जयप्रकाश गुप्ता



अन्तर्वार्ता पृष्ठ ३ मा

समय-सन्दर्भ

राकेश प्रसाद चौधरी



## मधेश : द्वितीयाको चाँद

**मधेशमा बसोबास गर्नेहरूको कुरा सुन्दा राष्ट्रिय मिडियाले यस क्षेत्रको विशेषता र प्रतिभाहरूलाई स्थान दिनुको साटो नकारात्मक टिप्पणी मात्रै गर्ने गरेको आरोप अझैसम्म कायमै छ ।**

प्रदेशहरूको राजधानी विषय अहिले छलफलको विषय छ । प्रदेश नम्बर २ को अस्थायी मुकाम अर्थात राजधानी जनकपुरधामलाई तोकिएको विषय संचारमाध्यममा आएपनि चर्चापरिचर्चा कायम छ । छलफलपछि यथास्थिति वा बसाईसराईबारे चर्चा हुँदै गर्छ ।

प्रदेश नम्बर २ का अग्रजहरूले मिथिला र मध्य जोडेर यस प्रदेशको नामाकरण गरेर लेख्न थालेका छन् । यसैक्रममा यहाँका केही अग्रजहरूसँग कुरा गर्दा यस प्रदेशलाई 'द्वितीयाक चाँद' को विशेषण थपिदिएका छन् । प्रदेश नामाकरणको विषय प्रान्तीय सभाबाट हुने भएकोले यसबारेमा अहिले नै चर्चा गर्न उचित नभएपनि विशेषणबारे चर्चा मात्रै गर्न खोजिएको छ ।

प्रेस स्वतन्त्रता सेनानी कुवरकान्त झाले सुगौली सन्धिदेखि नै मधेश आन्दोलनरत रहेको इतिहास सुनाउँदै हालको प्रदेश नम्बर २ लाई समग्र मधेशको केही अंश अर्थात 'द्वितीयाक चाँद' सँग तुलना गरेर विश्लेषण गर्छन् । मधेशमा चन्द्रमालाई चन्दामामा, चान र चाँदजस्तो शब्दले पनि सम्बोधन गर्ने चलन छ । चन्द्रमाको अवस्था हेरेर द्वितीयाको दिन विभिन्न उत्सवहरू पनि गरिन्छ । मिथिलामा तय गरिने धार्मिक क्रियाकलापहरू चन्द्रमाको गतिअनुसार नै तिथिहरू तय गरिन्छ ।

वरिष्ठ पत्रकार दशरथ भण्डारीले नेपाललाई पूर्ण चन्द्रमा र त्यसमा भएको मध्यम मधुरो चित्रहरू मधेश रहेको तर्क गर्दै विश्लेषण गर्छन् । कार्तिक शुक्ल द्वितीयाको दिन भाईबहिनीको प्रेम साटासाट गर्ने यमद्वितीय, भातृद्वितीया, बजरी खुवाउने दिन, भाईटिकासहितको नामबाट उत्सव मनाउने गरिन्छ । यस दिन यमराजको पनि पुजा गरिन्छ ।

मधेशमा बसोबास गर्नेहरूको कुरा सुन्दा राष्ट्रिय मिडियाले यस क्षेत्रको विशेषता र प्रतिभाहरूलाई स्थान दिनुको साटो नकारात्मक टिप्पणी मात्रै गर्ने गरेको आरोप अझैसम्म कायमै छ । चन्द्रमाको आकार कृष्णपक्षमा घट्ने र शुक्लपक्षमा बढ्ने गर्छ । आधा आधा महिनाको हुने यी पक्षहरूमा भने प्रत्येक पटक द्वितीयाको चाँद आउने गर्छ । तर पूर्णीपछि आउने अलिक ठुलो र औंसीपछि आउने क्षणिक हुन्छ र हेर्दा राम्रो देखिन्छ ।

प्रदेश नम्बर २ को भौगोलिक स्थिति हेरेर यसलाई औंशीको अध्यारो अर्थात कृष्णपक्ष तिर धकेल्न खोजेको आरोप पनि लगाइन्छ । त्यही आशावादीहरूले यसलाई द्वितीयाको चाँदले एकदिन पूर्णीमाको आकारमा पुग्ने चर्चा गर्छन् । हुनतः धार्मिक प्रसंग अनुसार महादेवको जट्टामा द्वितीयाको चाँद देखाइने गरिन्छ । चन्द्र बिन्दुको प्रयोग गर्दा द्वितीयाको चाँद र विन्दु नै प्रयोग गरिन्छ ।



# सम्पादकीय



## राजपा-फोरम एकीकरण : कति सम्भव ?

प्रदेशसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ प्रदेश नम्बर २ मा बहुमत सिटमा विजय हासिल गरेसँगै मधेश गठबन्धनमा आबद्ध संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) प्रदेश सरकार निर्माणसँगै पार्टी एकताको कसरतमा जुटेका छन् ।

स्थानीय तह निर्वाचनमा प्रदेश २ मा पाएको मतले हौसिएका फोरम र राजपा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा गठबन्धन बनाएर मैदानमा उत्रेका थिए । यो गठबन्धनलाई प्रदेशसभामा प्रत्यक्षतर्फ प्रस्ट बहुमत प्राप्त भएको छ ।

यो प्रदेशमा फोरम-राजपाको सरकार बन्ने करिब निश्चित छ । यी दुवै दलमध्ये बढी सिट जितेकालाई मुख्यमन्त्री र दोस्रोलाई उपमुख्यमन्त्री पद दिने लगभग सहमति भइसकेको छ । प्रादेशिक सरकार निर्माण गर्दा कुन दललाई कति मन्त्री र कुन मन्त्रालय भन्ने विषयमा छलफल सुरू भएसँगै दुवै दलबीच एकता पहलसमेत भएको छ ।

दुवै दलबीच प्रादेशिक सरकार गठन र पार्टी एकताका लागि औपचारिक सम्वाद सुरू भएको राजपाका नेताहरू विभिन्न मञ्चबाट भन्दै आएका छन् ।

फोरम-राजपा एकताका लागि सूत्रधारको जिम्मेवारी पाएका राजपा अध्यक्षमण्डल सदस्य राजकिशोर यादवले हालै एक रेडियो अन्तर्वार्तामा जनादेशको कदर गर्दै दुवै दलका शीर्ष नेता एकताको पक्षमा सकारात्मक र गम्भीर देखिएको दाबी गर्दै दुई पार्टीबीच एकीकरण हुने बताए ।

> मिल्दा र फुट्दापछिको चुनावी परिणामको अनुभव बटुलिसकेका मधेशी दलका नेताहरू एकताका लागि गम्भीर हुनुपर्छ । धरातलीय आधार बलियो नभई एकता अक्षुण्ण हुँदैन ।

*मधेशवाणीसँग*को कुराकानीमा फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले राजपासँग एकता प्रस्तावलाई सकारात्मक रूपमा लिए पनि एकताका लागि राजपाको सैद्धान्तिक धरातल स्पष्ट हुनु पर्ने सर्त तेर्साएर अहिले तत्काल एकता सम्भव नरहेको संकेत गरे ।

भर्खरै सम्पन्न निर्वाचन परिणामले हौसिएका राजपाका नेताहरूले फोरमसँगको एकतालाई बढी महत्वका साथ प्रचारित गरिरहेका छन् तर यसका लागि आधार तय भएको/नभएको भन्ने विषयमा केही बोल्दैनन् । अच्चमको कुरा यो छ की राजपाले अहिले एकतर्फी रूपमै एकीकरणको विषयलाई उठान गरेका छन् जबकी एकीकृत हुने पार्टी फोरमले खासै वास्ता नगरेको पाइन्छ । किनभने अध्यक्ष यादवले राजपाका नेताहरू जस्तो सार्वजनिक ठाउँमा एकीकरणको विषयमा आफ्नो धारणा व्यक्त गरेका छैनन् । त्यसो भए के पार्टी एकीकरण राजपाको एकल धारणा मात्र हो ?

चुनावपछि भने यी दुई दलबीच पार्टी एकताबारे केही कुरा भएको छैन । पार्टी एकता त परको कुरा दुई दल मिल्दा प्रदेश नम्बर २ मा बन्ने सरकारका बारे पनि उनीहरूबीच छलफल भएको छैन । पार्टी एकता र सरकार गठनबारे दुई दलका नेताका परस्पर विरोधी धारणा सार्वजनिक भइरहेका छन् ।

राजपाका नेताहरूले दुई नम्बर प्रदेशमा दुई पार्टी मिलेर सरकार बनाउने र पार्टी एकता गर्ने बताउँदै आएका छन् भने फोरमले न सरकार गठनमा रूची देखाएको छ न त पार्टी एकतामा नै चासो दिएको छ ।

मिल्दा र फुट्दापछिको चुनावी परिणामको अनुभव बटुलिसकेका मधेशी दलका नेताहरू एकताका लागि गम्भीर हुनुपर्छ । धरातलीय आधार बलियो नभई एकता अक्षुण्ण हुँदैन ।

मधेशले यो पटक आन्दोलनकारी शक्तिहरू एक हुनुपर्छ भन्ने सन्देश दिएको छ । त्यसैले अब मधेशकेन्द्रीत दलहरू एक होऔं भन्ने सन्देश यो निर्वाचनले दिएको छ । तत्कालीन आन्दोलनको नेतृत्व गर्ने संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका ६ वटा पार्टीहरू आपसमा एकीकृत भए ।

राजपा र फोरम नेपालले जितेका सिट संख्यालाई मात्र जोड्ने हो भने मधेशी दल मधेशको सबैभन्दा ठूलो शक्ति भएको छ । राजपा र फोरमको मतलाई जोड्ने हो भने विजेताको भन्दा मधेशी दलको मत बढी छ । अर्थात्, मधेशी जनताले प्रष्ट रूपमा आन्दोलनकारी र परिर्वतनकारी तथा मधेशमैत्री संविधान बनाउन सक्ने शक्तिलाई माया गरेका छन् ।

## सताको सात बात



एमालेसँगको एकीकरणमा सैद्धान्तिक र वैचारिक कुनै समस्या छैन संगठन व्यवस्थापनमा केही गृहकार्यको आवश्यकता परेको छ । अबको प्रमुख काम जनमत अनुसार छिटो सरकार गठन गर्नु र एकता प्रक्रियालाई टुंगोमा पुऱ्याउनु हो । **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



संविधान संशोधन गर्ने, आदीवासी, जनजातीहरूले उठाएका माग पूरा गर्ने र संविधानका त्रुटीहरूलाई सच्याउने वातावरण बन्यो भने हामी सरकारमा जान्छौं । **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम**



संविधान अनुसार राष्ट्रियसभा गठनपछि मात्र सरकार छोड्नु पर्ने भएपनि प्रजातान्त्रिक मुलुकमा निर्वाचन भएपछि सरकार छाड्ने परिपार्टी रहेको छ । निर्वाचनको मत परिणाम आएको यतिका दिनसम्म देउवाजीले राजीनामा नदिएर सरकारमा वसिरहनु उचित होईन । **डा. शेखर कोईराला, नेता, नेपाली कांग्रेस**



अहिले हाम्रो राजनीतिक केन्द्रविन्दु र एजेण्डाको केन्द्रविन्दुमा संविधान संशोधन रहेको छ । संशोधनको पक्षमा जुन पार्टी आउँछ त्यसलाई केन्द्रीय सरकारमा हाम्रो समर्थन रहन्छ । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी नेपाल**



२ नम्बर प्रदेशलाई राष्ट्रिय भावधारासँग जोड्ने चिन्ता त राष्ट्रिय पार्टीकै हो त्यसैले मधेशी दलहरूसँग पनि सहकार्य गरेर अगाडि बढ्नु अहिलेको आवश्यकता हो । **शंकर पोखरेल, नेता, नेकपा एमाले**



मधेशका जनताले मधेश केन्द्रित दलहरूलाई संविधान संशोधनको म्यान्डेट दिएका छन् । संविधान संशोधन गर्न प्रतिबद्ध पार्टीलाई सरकार बनाउन समर्थन गन सक्छौं । सबै राजनीतिक दलहरूले जनादेशको सम्मान गर्नुपर्छ । **महेन्द्र राय यादव, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी, नेपाल**



जिम्मेवार प्रतिपक्ष कस्तो हुन्छ भन्ने कुरा नेपाली कांग्रेसले देखाउन सक्नुपर्छ । कांग्रेसप्रति जनताको विश्वास घटेको छैन । विगतमा देश परिवर्तनका लागि जनताले कांग्रेसलाई जिम्मा दिए । अहिले कांग्रेस आफैं परिवर्तन हुनुपर्छ भन्ने म्यान्डेट दिएका छन् । **विश्वप्रकाश शर्मा, नेता, नेपाली कांग्रेस**

*प्रस्तुती : संगीता रेग्मी*

# संसफो-राजपाको सहकार्यका चुनौतीहरू

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३९५



❖ उपेन्द्र झा

> ओलीसँग निकट सम्बन्धका कारण संसफो वाम गठबन्धनमा मिसिने सम्भावनालाई नकार्न सकिन्न । वाम गठबन्धन यसै पनि आफ्नो लोकताप्रियता र सशक्तताका लागि संसफोलाई बढी लाभका आश्वासन दिएर मिलाउने धुनमा छ । आगामी दिनका चुनौतीहरूका लागि पनि वा गठबन्धनका लागि संसफो राजपासँगको सहकार्य आवश्यक मानेको छ ।

भर्खरै नेपाली कांग्रेसको सरकारले संघीय संरचनाको चुनाव गराएको छ । आफू खुम्चिएको अवस्थामा वाम गठबन्धनले राम्रो नतिजा पाएको छ । केन्द्र र प्रदेशमा नयाँ सरकार बनाउने दलहरू हतारिएको अवस्थामा देखिन्छन् । राष्ट्रिय सभा गठनको जिम्मेवारी सम्पन्न गरी कांग्रेसले सरकार छाड्नै पर्ने बाध्यता छ ।

वाम गठबन्धन र राजपा-ससफो गठबन्धन भित्र र बाहिर समीकरण मिलाउन व्यस्त छन् । कुन-कुन पार्टीसँग मिल्दा कति फाइदा र कति घाटा हुने बारेका लेखाजोखा भइरहेकाले गठबन्धनको सीमित दायरामा रहने वा यसलाई अझ फराकिलो बनाउने भन्ने विषय पनि चर्चामा छ । समीकरण मिलाउन पर्याप्त समय रहेकोले अनेक कोणबाट मिलाउने प्रयास भइरहेको छ ।

चुनावी नतिजाले वाम गठबन्धनलाई सरकार चलाउने अभिारा दिएको छ भने नेपाली कांग्रेसलाई प्रतिपक्षमा बस्न बाध्य गरेको छ । चुनावी नतिजाले राजनीतिक असन्तुलन बढाएको कारण वाम गठबन्धनको सरकार सहज रूपले अगाडि बढ्ला जस्तो लाग्दैन । प्रचण्डलाई वाम गठबन्धनबाट फुटाएर लोकतान्त्रिक गठबन्धनबाट प्रधानमन्त्रीको आमन्त्रण गर्नु, ससफोलाई गठबन्धनबाट अलग्याएर वामसँग जोडेर सरकारमा आउन तयार पार्नु राजनीतिक गतिरोध पैदा गर्ने लक्षणहरू पनि देखा पर्न थालेको छ । आफैले बनाएको गठबन्धन र त्यसैको आचार संहिता मानेर बस्न नरूचाउने व्यक्तिवादी चरित्र कहाँ कति फाइदा हुने भन्ने विषयलाई प्राथमिकता दिएर अगाडि बढ्ने भएपछि राजनीतिमा विषमता पैदा हुनु स्वाभाविक हो । जनादेश पाएर पनि निर्वाध सरकारको कार्यकाल पूरा गर्न नसक्नु नेपाली राजनीतिकर्मीको ठूलो अवगुण हो । व्यक्ति विशेषको महत्व मात्र स्थापित गर्ने परिपार्टी लोकतान्त्रिक पार्टीमा पनि कायम रहेकोले विगतमा बहुमत प्राप्त पार्टीले सरकार चलाउन सकेन । सामूहिक नेतृत्वको विकास गरेर पार्टीलाई मजबुत पार्ने धारणा अहिले पनि लोकतान्त्रिक पार्टीमा पाइएको छैन । त्यसकारण पार्टीहरूको धरातलीय मजबुती बन्न सकेको छैन र परावलम्बी बनाइदिएको छ । नेपाल लामो समयदेखि पराश्रित राजनीतिको दुर्दशा भोगिरहेको छ । बाह्य शक्तिको निर्वाध चलखेलका कारण पनि यही राजनीतिकर्मी हुन् । पराश्रित भएर पनि यिनले आफ्नो स्वतन्त्र धरातल बनाउने प्रयास गरेनन् । दुई महाशक्तिको बीचमा कहिले यता कहिले उताको राजनीति गरेर जीवन बिताए ।

वाम गठबन्धनले सरकार बनाउने जनादेश पाएको छ । लोकतान्त्रिक शक्ति कमजोर प्रतिपक्षको रूपमा बस्न बाध्य छ । यो असन्तुलनले ल्याउने व्यवधान आगामी दिनमा देखिन्छन् नै । समस्याको ज्वालामुखी माथि गराइएको चुनाव र प्राप्त गरिएको विजयश्रीबाट सतहमा शान्ति देखिए पनि भित्र उम्लिरहेको जनावाज कुन बेला विस्फोटको रूप लिने थाहा छैन । नेपालको राजनीतिमा वाम प्रभाव बढ्दा लोकतान्त्रिक शक्तिकेन्द्रको रूचि बढ्नु स्वाभाविक हो । नेपालमा आफ्नो प्रभावको असन्तुलन कसैले बर्दास्त गर्न सक्दैन र यसले द्वन्द्व पैदा गर्छ । यही द्वन्द्व नेपाली राजनीतिमा विभिन्न कोणबाट चित्रित हुन्छन् ।

राजनीतिमा इमान्दारिता, त्याग, दूरदर्शिता आदि आचरणको अभावमा व्यक्तिवादी चरित्र अराजक अवस्थामा रहेकोले आफ्नै सहकर्मीलाई विश्वास गर्न सक्ने अवस्था छैन । एक ढिक्का देखिएका राजनीतिकर्मी स्वार्थको टकराहटमा एकैछिनमा कहाँ पुग्छन् थाहै हुँदैन । यस्तो तरलीकृत मानसिकता पराश्रित राजनीतिको उपज हो । तर, माओवादी केन्द्र र एमालेले वाम गठबन्धन बनाएर चुनावमा जुन आकार प्राप्त गरेका छन् यसलाई त्यागेर यिनी फुट्न चाहँदैन । बरू एकीकृत भएर जाने सम्भावना बढी छ । फुटेर अस्तित्व नै नरहने ठूलो शंका माओवादी केन्द्रलाई रहेकोले उनी अहिले कसैको इशारामा फुट्न चाहँदैन । बरू वाम गठबन्धनलाई बलियो पार्न आफूसँग मिल्ने चरित्रका ससफो अध्यक्ष उपेन्द्र यादवलाई पनि मिलाएर जाने प्रवल सम्भावना छ । वाम गठबन्धनलाई सशक्त रूपमा प्रस्तुत गर्ने र आइपरेका चुनौतीलाई छाडेर सामना गर्ने अठोट लिएर नेपालमा स्थिर सरकार दिने धारणा बनाउनु नराम्रो होइन ।

नेपाली राजनीतिमा एकल नेतृत्वको प्रवृत्ति लामो समय कायम रहेको छ । वाम वा लोकतान्त्रिक पार्टी होस् एकल नेतृत्वको निरंकुशता कायम रह्यो । केही समय यता सामूहिक नेतृत्वको विकास हुन लागेको दृश्यहरू देखा पर्न थालेको छ । केन्द्र र प्रदेश सभाको चुनाव पूर्व मधेशका छ वटा पार्टी एक भएर राष्ट्रिय जनता पार्टीको नामले सामूहिक नेतृत्वको विकास गर्न थाले भने एमाले र माओवादी पनि वाम गठबन्धनको माध्यमबाट सामूहिक नेतृत्वको अभ्यासमा लागेका छन् । यसलाई राजनीतिक विकासको प्रक्रिया भनूँ वा निहित स्वार्थ, आगामी दिनले प्रष्ट गर्नेछ । तर, सामूहिक नेतृत्वको अभ्यास भने राम्रो कुरा हो ।

वाम गठबन्धनको एकीकणमा जाने चर्चा व्यापक रूपमा उठेको छ । त्यस्तै मधेशका दलहरू राजपा र संसफोले गठबन्धन बनाएर चुनाव लडेका छन् । राम्रो नतिजा पनि पाएका छन् । प्रदेश सभामा संसफोले प्रत्यक्ष र समानुपातिक गरी ३० वटा सीट पाएका छन् भने राजपाले २५ वटा सीट पाएका छन् । सरकार बनाउन सक्षम राजाप र संसफो लोकतान्त्रिक गठबन्धनका घटकहरू हुन् । लोकतान्त्रिक गठबन्धनमा नेपाली कांग्रेस पनि छन् । कतिपय ठाउँमा नेपाली कांग्रेसको राजपा र संसफोसँग तालमेल गरी चुनाव लडेका छन् । राजपा र संसफोको सहकार्य भइरहेकोले वाम गठबन्धन जस्तै यिनीहरू पनिपार्टी एकता गर्ने चर्चा बढिरहेको छ । मधेशले पनि यी दुई पार्टीको एकीकरण हुने इच्छा राखेको छ । राजपा र संसफो मिलेर सरकार बनाउन यथेष्ट सीट प्राप्त गरेको छ । प्रदेश नं. २ मा यिनको एकलौटी सरकार बन्ने सम्भावना रहे पनि विभिन्न कारणले यो समीकरण बन्न नसक्ने सम्भावना पनि छ ।

विगतको चुनावमा संकुचनमा परेको उपेन्द्र यादवले लामो नाकाबन्दी गरेर सरकारलाई कठिन चुनौती दिएका थिए भने विगतको आन्दोलनको अवधिमा संसारका दर्जनौं देशहरूमा आमसभा गरेर आएका थिए । यसपालिको चुनावले यिनको विजयको दायरालाई बढाइदिएको कारणले यिनको महत्वकांक्षा पनि गगनचुम्बी बनेको छ । एकल प्रवृत्तिका धनी उपेन्द्र यादव प्रदेश सरकारमा मात्र सीमित नरही केन्द्र सरकारमा समेत आफ्नो वर्चस्व बनाउने इच्छा राखेकाले राजपा र संसफोको सहकार्यको राजनीति सहज रूपमा बढ्दा जस्तो लाग्दैन ।

यता, राजपामा राजेन्द्र महतो प्रभावका उम्मेदवारहरू (प्रत्यक्ष र समानुपातिक) बढी जितेर आएकाले राजपाभित्र राजेन्द्र महतोको प्रभाव बढेर जानु स्वाभाविक हो । राजेन्द्र महतो र उपेन्द्र यादवबीच ३६ को आँकडा रहेको विगत दिनका घटनाहरूले त्यसै देखाउँछन् । पार्टीभित्र एकल वर्चस्वको प्रवल चाहना राख्ने उपेन्द्र यादव यति सजिलो सामूहिक नेतृत्वको अवधारणालाई सहजै स्वीकार गर्ला जस्तो लाग्दैन । स्थानीय चुनावमा प्रदेश नं. २ मा संसफोको प्रभावभन्दा राजपाको प्रभाव किञ्चित पनि कम नदेखिएकोले अस्तित्व स्वार्थका लागि राजपासँगको गठबन्धन भएको प्रष्ट छ । प्रदेश सरकार बनाउन बहुमत नरहेको अवस्थामा संसफो कसैसँग मिलेर सरकार बनाउन बाध्य छ । मधेशप्रतिको इमान्दारिता कायम राख्ने हो भने संसफोको लागि राजपाको सहयोग उपयुक्त देखिन्छ । कुटिलताको प्रयोगले मात्र राजपालाई नकार्न सकिन्छ । मधेशले ०६४ को चुनाव जस्तै संसफो र राजपालाई जनादेश दिएको छ । मधेशप्रतिको चाहना, व्यवहार र मधेशको आकांक्षा पूर्ति गर्न राजपा र संसफोको अहिले अग्निपरीक्षा नै हो ।

ओलीसँग निकट सम्बन्धका कारण संसफो वाम गठबन्धनमा मिसिने सम्भावनालाई नकार्न सकिन्न । वाम गठबन्धन यसै पनि आफ्नो लोकताप्रियता र सशक्तताका लागि संसफोलाई बढी लाभका आश्वासन दिएर मिलाउने धुनमा छ । आगामी दिनका चुनौतीहरूका लागि पनि वा गठबन्धनका लागि संसफो राजपासँगको सहकार्य आवश्यक मानेको छ । सहअस्तित्व तथा सहकार्यका अभ्यास अगाडि बढेपनि व्यक्तिवादी चरित्र यति छिट्टै साधुत्व ग्रहण गर्ला जस्तो लाग्दैन ।

*क्रमशः*

janukjha24@gmail.com

# राजपा कार्यालयमा भएको घटनामा मेरो संलग्नता छैन



**विनोद कुमार सिंह**
**अध्यक्ष, मधेशी कर्मचारी महासंघ, नेता, राष्ट्रिय जनता पार्टी**

राष्ट्रिय जनता पार्टीको कार्यालयमा भएको तोडफोडमा मेरो संलग्नता छैन । जुन दिन घटना भएको थियो, त्यस दिन म राजपाको पार्टी कार्यालयमा नै थिइन भने पार्टी कार्यालयमा तोडफोड हुनुमा मेरो संलग्नता कसरी रहन्छ ? मेरो नाम बदनाम गर्ने हिसाबले कुत्सित प्रयास हो । घटनमा म संलग्न छैन, मेरो जिम्मेवारी छैन ।

मधेशी कर्मचारी महासंघको अध्यक्ष भएकोले पनि होला, साथीहरूले मेरो नाम लिनुभएको होला । राजपाका नेताहरूले आफू राम्रो बन्नका लागि पनि अरूलाई आरोप लगाउनु भएको होला । अन्य व्यक्तिहरूले लगाएको आरोप होइन, राजपाका कार्यकर्ताले नै लगाएको आरोप हो । मधेशी कर्मचारी संगठनले पार्टी कार्यालयमा तोडफोड गरेको होइन भन्ने स्पष्ट गर्न चाहन्छु । आफूले बनाएको घर आफैले भत्काउन मिल्छ ? यो त पत्याउनै नसकिने कुरा हो । म निर्दोष छु भन्ने कुरा साबित गर्नका लागि मैले 'स्टेटमेन्ट' पनि निकालेको छु । पार्टीले पनि यो कुराको छानबिन गर्दै छ । वास्तविक कुरा पत्ता लगाएर पार्टीले कारबाही गर्छ । पार्टी कार्यालय तोडफोड हुनुमा कुनै कोणबाट पनि मेरो संलग्नता छैन । यो कुरा मैले पार्टी अध्यक्षदेखि सबै कार्यकर्तालाई भनिसकेको छु ।

म कर्मचारी जगतमा विगत सात वर्ष देखि कार्यरत छु । मेरो कार्यकालको इतिहासमा त्यस्तो कुनै नराम्रो काम गरेको प्रमाण छैन । कर्मचारीबाट विद्यायक छानिनु पर्ने भन्ने कुरै होइन । कर्मचारीबाट मैले १७ वर्ष राष्ट्रिय अध्यक्षको जिम्मेवारी बहन गरेर अझै ३ वर्ष बाँकी हुँदा र जागिर अवधि पनि १० वर्ष बाँकी हुँदा नै पार्टी अध्यक्षले 'म टिकट दिन्छु राजीनामा दिनुस्, तपाई सप्तरी २ (क) बाट चुनाव लड्नुपर्छ' भनेर भन्नुभएको थियो र मैले पनि त्यहि हिसाबले राजीनामा दिए । टिकट बाँडफाँड गर्दा मेरो नाम परेन । कर्मचारीको नेतृत्वको लागि होइन । पार्टीको कार्यकर्ताको हिसाबले पार्टीले टिकट दिएन ।

समानुपातिकमा नाम राखियो तर नाम राख्दा पनि निर्वाचन आयोगले हामीले पहल गरेर ल्याइएको मत कर्मचारीहरूका समर्थक, सुभचिन्तकहरू पनि सबैले मत दिएर ल्याएको मत हो । त्यस मतमध्ये राजपाले पाएको १० सिट मध्ये अल्पसंख्यकलाई ३ सिट, ५ सिट मधेशी, दलितलाई १ सिट र १ सिट मुस्लिमलाई बाड्नुपर्नेमा पार्टीले अल्पसंख्यकलाई १ सिट पनि राखिएन । त्यस्तो नहुँदा ममाथी अन्याय भएको छ । अन्याय भए पनि म घरमा गएर सुते । म नभएको बेला जसरी राजपा पार्टी कार्यालय माथि आक्रोश पोखियो त्यस्तो हुनु राम्रो होइन । किनभने, अन्याय त ममाथि भएको छ । तर मैले त आक्रोश कसैमाथि पनि पोखेको छैन । सबैले टिकट नपाउनु स्वभाविक हो । म जस्ता राजपाको लिस्टमा ४३ जनामध्ये १० जनाको मात्र नाम परे पछि त नाम नपरेका साथीहरू अरू पनि थिए । कार्यकर्ता, नेताहरू थिए । सबैसँग आक्रोस थियो । कसले के गऱ्यो तर सबै जिम्मेवारी मेरै हुन्छ भन्नु त भएन नि । मेरो नाम लिएर मेरो नाम बदनाम गर्न मात्र खोजिएको हो । तोडफोड भएको कुरालाई लिएर पार्टीले छानबिन आयोग गठन गरेको छ । छानबिन आयोगले सत्य-तथ्य पत्ता लगाइहाल्छ । मेरो अनुपस्थितमा, मेरो आदेश बेगर भएको घटनामा मलाई मुछिनु भन्नुको अर्थ मलाई बदनाम गराउने हिसावले भएको हुनसक्छ । म विगत १७ वर्षदेखि मधेशवादी कर्मचारी राजनीति गर्दै आईरहेको छु तर अहिले आएर मेरो नाम लिनु भनेको मेरो बदनाम मात्र गर्न खोजेको हो । यस्तो घटनाप्रति मलाई दुःख छ । साथीहरूमा असन्तुष्टि त छ, तर असन्तुष्टि भन्ने कुरा के हो भने नेपाल सरकारको निर्वाचन आयोगले पठाएको जुन चिठी थियो त्यसमा राजपा नेपालले पाएको १० सिट मध्ये बाँडफाँड जसरी गर्नु पर्थ्यो त्यसरी राजपा नेपालले बाँडफाँड गरेन । राजपाले पाएको १० सिटमा ७ जना त महिला मात्र भए र बाँकी ३ जनामा अल्पसंख्यकबाट पुरूषबाट १ नम्बरमा मैले पाउनुपर्ने थियो । तर मैले पाइन । ममाथि न्याय भएन र । अब काम गर्ने र नगर्ने मान्छे हेर्ने हो भने राजपाबाट ४३ जना नै काम गर्ने खालका थिए । ती मध्ये १० जनामा पनि काम गर्ने खाल कै नै परेका छन् । यसमा कुनै आपत्ति छैन । छनौटमा परेका साथीहरूमाथि कुनै किसिमको चित्त दुखाई छैन तर चित्त दुखाइ के मा छ भने जुन किसिमले बाँडफाँड हुनुपर्ने हो त्यसमा बाँडफाँड नहुँदा त्यसमा चित्त दुखेको हो । निर्वाचन आयोगले दिएको चिठीको बमोजिम बाँडफाँड भएको भए राम्रो हुन्थ्यो भन्नु मात्र हो । मैले टिकट नपाए पनि पार्टीका लागि म निरन्तर काम गरिरहने छु । प्रदेश नं. २ को म उम्मेदवार थिएँ । म यस प्रदेशमा पुरा मिहिनेतको साथ काम गर्छु ।

*(कुराकानीको आधारमा)*

# मधेशी दलले संविधान संशोधनको एजेण्डालाई सत्तामा जाने बाटो बनाए

प्रथम मधेश आन्दोलनको समयमा नेपाली कांग्रेस परित्याग गरी मधेश राजनीतिमा सक्रिय र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका जयप्रकाश गुप्ता तत्कालीन समयमा उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम नेपालका सहअध्यक्ष भएका थिए। गुप्ता मधेश आन्दोलनका सूत्रधारमध्ये एक मानिन्छन्। बौद्धिक र जुझारू नेता गुप्ता तर्कशील अभिव्यक्तिका धनी हुन्। गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको ठहर गरी सर्वोच्च अदालतले डेढ वर्ष कैद र ८४ लाख नौ हजार ९२८ रूपैयाँ जरिवानाको सजाय सुनाएको थियो। हिरासतमुक्त भएपछि गुप्ता पुनः मधेशको राजनीतिमा सक्रिय हुन थाले। उनले तराई मधेश राष्ट्रिय अभियान गठन गरी राजनीतिक गतिविधिहरू अगाडि बढाएका थिए। तर, केही दिनदेखि उनी नेपालको राजनीतिक वृत्तबाट हराएको जस्तो देखिन्छ। यही सन्दर्भमा गुप्तासँग समसामयिक राजनीतिबारे **मधेशवाणी**का कार्यकारी सम्पादक *रामसुकुल मण्डल*ले गरेको कुराकानीको सम्पादित अंश :



## जयप्रकाश गुप्ता
### संयोजक, तराई-मधेश राष्ट्रिय अभियान

**० प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा मधेशी दलको उपस्थितिलाई तपाइले कसरी मूल्यांकन गर्नुभएको छ ?**

– प्रदेश नम्बर २ मा मधेशका दुईवटा पार्टी संघीय समाजवादी फोरम नेपाल र राजपाले राम्रो परिणाम ल्यायो जुन अस्वाभाविक थिएन। यसलाई जति नै उत्साहप्रदक माने पनि समग्र मधेश आन्दोलनको आशय र उद्देश्यलाई विचार गर्दा त्यति स्वाभाविक लाग्दैन। संविधानको पहिलो संशोधन, जुन मधेश आन्दोलनबाट भएको थियो त्यस संशोधनले नेपालको पश्चिमी भेगका तराईको २० वटा जिल्लालाई मधेश भनेर संस्थापित गराएको थियो त्यो मान्यता विखण्डित भएको छ। २० जिल्लाबाट मधेश संकुचित भएर आठवटा जिल्लामा सीमित हुन गएको हामी देख्दछौं। आठवटा जिल्लाको निर्वाचन परिणामलाई उत्साहजनक नै मान्नुपर्छ तर मधेशको क्षयीकरण भयो, मधेश नोक्सानमा पऱ्यो र मधेशले पहिलो मधेश आन्दोलनबाट जुन आफ्नो भौगोलिक मान्यता स्थापित गरेको थियो त्यो खण्डित हुनपुग्यो।

**० प्रदेश नम्बर २ मा मधेशकेन्द्रित दलको यस्तो परिणाम आउनुमा अन्य केही कारणहरू पनि छन् कि ?**

– जसरी मधेशको भावनालाई लत्याएर संविधान जारी गर्ने काम भयो र मधेशी जनताको भावनाअनुसार काँग्रेसले छल गरेर र एमालेले सोझो भाषामा संविधान संशोधनलाई अस्वीकार गरेर जुन राजनीति अगाडि बढाए, त्यस विषयको आलोकमा यो परिणाम स्वाभाविक नै हो।

**० प्रदेश नम्बर २ को निर्वाचनको परिणामले संविधान संशोधनको माग अनुमोदन गरेकै हो त ?**

– कपटपूर्ण संविधान जारी गर्ने नेपाली काँग्रेस, नेकपा एमाले र माओवादी केन्द्र तीनवटै पार्टीले यो निर्वाचनलाई संविधानको कार्यान्वयनसँग जोडेका थिए। उनीहरूको मुख्य राजनीतिक विषय नै यो निर्वाचन सम्पन्न भयो भने संविधानको कार्यान्वयन हुन्छ र संविधानको कार्यान्वयनको अर्थ नै उनीहरूले सात प्रदेशको जुन संघीयताको प्रारूप प्रस्तुत गरेका थिए, त्यसले मान्यता पाउँछ भन्ने थियो। उनीहरूले समावेशीकरणको जुन सिद्धान्तलाई संविधानमा बलजफ्ती राखेका थिए, त्यसले मान्यता पाउँछ अर्थात् समग्रमा उनीहरूले जुन राज्यव्यवस्थाको परिकल्पना यस संविधान मार्फत गरेका थिए। यो निर्वाचन सफल हुँदाखेरी त्यसले मान्यता पाउँछ तसर्थ कांग्रेस र वाम गठबन्धनले यो निर्वाचनमा आपसी प्रतिस्पर्धा गरेपनि हामी जो यो संविधान संशोधनको पक्षमा थियौं, निर्वाचनले हामो हित त भएको देखिँदैन।

**० राजपा र फोरमलाई अब मधेशका माग सम्बोधन गराउन कत्तिको सहज होला ?**

– मधेशको माग राजपा र संघीय समाजवादी फोरमका लागि खसीको टाउको अगाडि राखेर कुकुरको टाउको बेच्ने सरहको म मान्दछु। उनीहरू मधेशी जनतालाई भ्रमित गराउनका लागि हामी संविधान संशोधनको पक्षमा छौं, हामी प्रादेशिक पूर्ण संरचनाको पक्षमा छौं भनेर भनिरहेका छन्। तर, संविधान जारी हुने चरणमा पुगिसकेपछि र उनीहरू चुनावमा सहभागी भइसकेपछि कस्तो प्रादेशिक संरचना चाहिरहेका छन्, संविधानका कुन-कुन विषयमा अहिले आएर उनीहरूले संशोधन खोजेका छन् त्यस विषयमा कुनै प्रष्टता दिन सकेका छैनन्। खाली मधेशी जनताको भावनाको नेता बन्नका लागि उनीहरूले हामी संविधानको संशोधन चाहन्छौं, हामी प्रादेशिक पुनर्निर्धारण चाहन्छौं भन्दै आएका छन्। उनीहरू अब पूर्ण रूपले सत्ताको खेलमा प्रवेश गरिसके।

अहिले प्रदेश नं. २ मा को मुख्यमन्त्री बन्ने अथवा राजपाबाट कति जना मन्त्री हुने, फोरमबाट कति जना मन्त्री हुने भनेर समग्र रूपमा त्यहीं एजेण्डामा प्रवेश गरिरहेका छन् र त्यसैमा गृहकार्य गर्दैछन्। केन्द्रीय राजनीतिमा दिनहुँ समाचार आईरहेको छ कि उपेन्द्र यादवजीको केपी ओलीजीसँग वार्ता, राजपाका अन्य नेताहरूको सत्ताधारी नेताहरूसँगको वार्ता, यो सबै कुराले अहिले कुनै एउटा दलको स्पष्ट बहुमत नआएको अवस्था र वाम गठबन्धन संविधानतः मान्यता प्राप्त पक्ष नभएको हुनाले मधेशी पार्टीहरू जोसँग मिल्दछ उसको सत्ता निर्माण हुने अवस्था छ। यो खेलमा मधेशी दलहरू लागेको प्रष्ट देखिन्छ। आउने समयमा यी विषयहरू स्पष्ट हुँदै जान्छन्। हिजोको मितिमा प्रचण्डलाई र सुशील कोइरालालाई प्रधानमन्त्रीको रूपमा समर्थन गर्दा मधेशी दलहरूले जुन भाषा बोलेर अगाडि बढेका थिए, अहिले पनि त्यहीं भाषा फेरि बोल्न थालेका छन्। मधेशी नेताहरू फेरि भन्न थालेका छन् कि संविधान संशोधन हाम्रो एजेण्डा हो। संविधान संशोधन गर्छु भनेर जसले भन्छ त्योसँग हाम्रो सहकार्य हुन्छ । जबकि संविधान संशोधन कुन-कुन विषयमा हुने भन्नेमा कुनै धारणा कतै आएको देखिँदैन। मधेशी दलले संविधान संशोधनको एजेण्डालाई सत्तामा जाने बाटोको रूपमा लिँदै आएका छन्।

**० त्यस्तो भए मधेशमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता महसुश हुन थालेको हो ?**

– संसद्मा रहेका संघीय समाजवादी फोरम र राजपा नेपाल दुवै पार्टी सत्ता समर्पण र मुद्दा विसर्जनका पात्रहरू हुन्। उनीहरूको मूल ध्येय नै जसरी भए पनि मधेशको नारामा, मधेशी जनताको मागको नाममा संसदमा जाने र सत्ताको खेल खेल्ने नै हो। आउने समयमा यो कुरा प्रष्ट रूपमा देखिनेछ। मधेशमा उनीहरूलाई पनि सही ट्र्याकमा ल्याउनका लागि एउटा वैकल्पिक धारको आवश्यकता छ। स्वायत्त मधेश प्रदेशको निर्माणका लागि, मधेशको समुचित प्रतिनिधित्वका लागि, मधेश प्रदेशको पुनः मान्यताका लागि यावत् जुन मागहरू रहेका छन्, त्यसलाई शान्तिपूर्ण ढंगबाट उठाउनका लागि वैकल्पिक संगठनको अति आवश्यकता रहेको छ। तर, दुर्भाग्य वैकल्पिक शक्ति निर्माण गर्ने पक्षहरूको आवाजलाई स्थानीय र प्रादेशिक निर्वाचनले किनारामा पारेको छ। तर आउने समयमा मधेशका बुद्धिजीविहरू, मधेशका आन्दोलनकारीहरूले यस कुरालाई महसुस गर्नेछन् कि संसदमा रहेका यी पक्षहरूबाट मधेशका सवालहरू प्रतिनिधित्व हुँदैनन्।

**० वाम शक्तिबाट बनेको सरकारबाट संविधान संशोधनको आशा गर्न सकिन्छ त ?**

– मलाई त पटक्कै आशा छैन। खास गरेर मधेशी जनताले जुन संशोधन चाहेका छन्, त्यो संशोधनलाई मधेशी दलहरूले स्वीकार गर्दैनन्। भोलि सत्तामा मधेशी पार्टीहरूलाई सहभागी गराउनका लागि यदि कुनै श्रृगांरिक रूपको कुनै संशोधनको कुरा आउँछ भने नयाँ जारी भएको संविधानमा सुशील कोइराला नेतृत्वमा पहिलो संशोधन भएको थियो त्यस्तै खालको प्रतिउत्पादक हुनसक्ने वा मधेशका सवालहरूलाई सम्बोधन गर्न नसक्ने खालको संशोधनहरू हुन सक्लान्। तर, आधारभूत मागहरूलाई पूरा गराउने खालको संशोधनको कुनै सम्भावना छैन।

**० मधेशी जनताको भावनाअनुरूपको संविधान संशोधन भएन भने त्यसपछि मधेशी दलहरूको रणनीति कस्तो हुनुपर्छ ?**

– मधेश आन्दोलन धेरै पछाडि धकेलिएको छ। दुर्भाग्यवश मधेशको नेतृत्व अहिले संसदमा रहेका पार्टीहरूको जिम्मामा गएको देखिन्छ, जुन पार्टीहरू यस मुद्दामा इमान्दार छैनन्। अब मधेशी जनता पनि उनीहरू नै मधेशका मसिहा हुन्, उनीहरूले नै मधेशका सवालहरूलाई नेतृत्व गरिरहेका छन् भन्ने भ्रममा परेको देखिन्छ। संसदीय गतिविधिले अझै केही समय मधेशी जनतालाई भ्रममा राख्नेछ। केही समयपछि मधेशी दलहरूको चरित्र र राज्यको चरित्र जब स्पष्ट हुन्छ त्यसपछि मात्र एउटा संग्लो धारको निर्माण हुन्छ।

**० मधेशी जनताको माग अनुरूप संविधान संशोधन भएन भने मधेशमा शान्तिपूर्ण आन्दोलन गर्दै आएका डा. सीके राउततिर पनि झुकाव बढ्ने देख्नुहुन्छ ?**

– अहिले पनि धेरै युवाहरू विचलित भएर अब हाम्रो आन्दोलनले परिणाम दिँदैन भनेर विखण्डनका कुरा गरिरहेका छन् यो सत्य हो। तर, त्यसले मधेशका सवालहरूलाई सम्बोधन गराउनुभन्दा पनि मधेशको राजनीतिलाई अर्को चरमपन्थी बाटोमा अगाडि धकेल्नेछ। तसर्थ त्यो बाटो भन्दा पनि अहिले एउटा शान्तिपूर्ण आन्दोलनको आवश्यकता छ, जसले नेपालको अखण्डता भित्र नै, नेपालको अहिलेको स्वरूप र संरचना भित्र नै मधेश प्रदेशको पुनः निर्धारण लगायतका सवालहरूमा हामी अगाडि बढाउनु पर्छ।

**० अब बन्ने केन्द्रीय सरकारको समीकरण कस्तो हुने अनुमान गर्नुभएको छ ?**

– वाम गठबन्धको बहुमत आएको छ। वाम गठबन्धन आफ्नो यो बहुमतलाई सुदृढ गरेर अगाडि बढ्यो भने नेपालमा माओवादी र एमाले पार्टीको संयुक्त सरकार बन्नेछ अथवा यो दुईवटा पार्टी एकीकरण भएर एउटै पार्टी बन्यो भने त्यस पार्टीको सरकार बन्नेछ। अब एमाले र माओवादीबीचमा तालमेल हुन सकेन भने काँग्रेसले अवसर पाउँछ वा एमाले-काँग्रेस अथवा माओवादी-काँग्रेसले सरकार बनाउनेछ। अहिले जनादेशको दबाब वाम गठबन्धनलाई छ, त्यसैले वाम गठबन्धन विभाजन भएर अर्को दलको नेतृत्वमा सरकार बन्ने सम्भावना म देख्दिँन। वाम गठबन्धनको सरकार बने पनि मधेशी दलहरू त्यसमा सहभागी हुनेछन् भन्ने आशय देख्न थालिएको छ। तर, वाम ठबन्धनको सरकार पाँच वर्ष नै कायम रहने स्थिति म देख्दिँन।

**० माओवादी र एमालेको एकीकरण हुन्छ होला ?**

– उनीहरूको आन्तरिक विषयमा म धेरै बोल्न चाहन्न। मलाई लाग्छ आम जनअपेक्षा त दुईवटा पार्टी एक हुनुपर्ने भन्ने नै छ। जनताको यो सन्देशलाई सही रूपमा आत्मसात गर्छन् भने दुईवटा पार्टी एक हुन्छ तर अहिलेको परिस्थितिमा त्यति राम्रा संकेतहरू देखिएका छैनन्।

**० काँग्रेसले निर्वाचनमा जस्तो परिणाम व्यहोऱ्यो यसको पछाडिको कारण के देख्नुहुन्छ ?**

– यसको मूल्यांकन त कांग्रेस पार्टीले नै गर्नुपर्छ। तर, यो निर्वाचनमा काँग्रेसले जनताको मनलाई बुझ्न सकेन। जनताको आकांक्षाभन्दा पृथक धारणाहरू कांग्रेसले अगाडि ल्यायो। जहाँ वाम गठबन्धले स्थिर सरकारको कुरा, विकास निर्माण र समृद्धिको कुरालाई अगाडि ल्याए त्यहाँ कांग्रेसले न त विकास र समृद्धिको कुरालाई अगाडि ल्याउन सके न त स्थिर सरकारको कुरालाई अगाडि ल्यायो। न त एमाले-माओवादीले जस्तो उम्मेदवारहरूको जातीय समीकरण मिलाउन सके। काँग्रेसले खाली वाम गठबन्धनको विरोध गर्दै वाम गठबन्धनले जित्यो भने देशमा अधिनायकवाद आउँछ, कम्युनिष्ट शासन आउँछ भन्ने जस्ता कुराहरू गरे। तसर्थ कांग्रेसको कुरा जनतालाई पच्नै सकेन।

**० अब बन्ने सरकारमा मधेशी दलहरूको सहभागिता आवश्यक छ ?**

– मधेशी पार्टीहरू सत्तामा जानकै लागि निर्वाचनमा भाग लिएका हुन्। प्रदेश नं. २ मा उनीहरूले सरकार बनाउँछन् नै र त्यसको गृहकार्य अगाडि बढिसकेको छ। अब संघीय समाजवादी फोरमले राजपासँग दाबी नै गरिसकेको छ कि हामीले प्रदेशसभामा बढी सिट जितेका छौं त्यसैले हाम्रो मुख्यमन्त्री हुनुपर्छ भनेर। राजपाका नेताहरूले पनि सार्वजनिक रूपमा नै भनिरहेका छन् फोरमको बढी सिट भएको हुनाले मुख्यमन्त्री त उसकै हुन्छ भनेर। प्रदेशमा चाँहि सरकार बनाउने अनि केन्द्रमा सरकारमा नजानुको कुनै अर्थ हुँदैन। मधेशमा ऊ सत्तापक्ष हुन्छ र केन्द्रमा चाँहि ऊ विपक्षी भए पनि सत्ताबाट धेरै टाढा भएको मानिँदैन। मधेशी पार्टीहरूले केन्द्रीय राजनीतिमा विरोधीको भूमिका निर्वाह गरे पनि ऊ सत्ताको उपक्रम हो। ऊ सत्ताभन्दा धेरै टाढा रहँदैन। अबका दिनमा मधेशी दलहरू सत्ताको परिधिमा रहन्छन्।

**० तपाईको तराई मधेश राष्ट्रिय अभियान अहिले सेलाएको हो कि ?**

– सेलाएको त छैन। यसपालिको निर्वाचनले हाम्रा धेरै साथीहरूको प्रतिबद्धतालाई हल्लायो। चुनावबाटै धेरै फलिफाप हुन्छ भनेर हाम्रा धेरै साथीहरू तराई मधेश राष्ट्रिय अभियान छोडेर मधेशका विभिन्न पार्टीहरूमा प्रवेश गरे। त्यसले गर्दा हामीलाई संगठनात्मक रूपमा ठूलो नोक्सान भएको छ। मधेशमा दुर्भाग्यवश यस पटकको निर्वाचनलाई जसरी उत्सवको रूपमा लिएको देखियो त्यसले मधेशका पत्रकार, बुद्धिजीवि, आन्दोलनकारीहरूले राम्ररी विचार नै गरेको देखिएन। मधेशी पार्टीहरू जसरी चुनावमा होमिएको छ त्यसबाट मधेशका सवालहरू पूरा हुन्छन् कि हुँदैनन् भन्ने विषयमा गम्भीर छलफल नै भएन। यस्तो अवस्थामा तराई मधेश राष्ट्रिय अभियानका कुराहरू सुन्ने कोही भएनन्। हामीले केही विषयहरू उठाउँदा मधेशी दलहरूलाई कमजोर गरेर काँग्रेस-एमालेलाई बलियो बनाउन खोजेको भन्ने आरोप पनि लाग्यो। त्यसैले हामी निर्वाचनको समयमा पृथक बसेका हौं। अब मधेशी जनताले मधेशी दलहरूको बारेमा पनि विस्तारै बुझ्दै जानेछन्। अब आउने समयमा हामी फेरि मधेशी जनताको बीचमा जाँदैछौं।

**० तपाईहरूको आगामी कार्यदिशा कस्तो हुनेछ ?**

– मधेशी दलहरूले चुनावमा भाग लिएर मधेश आन्दोलनलाई बल पुग्यो कि पुगेन र उनीहरू सत्तासीन हुन् वा नहुन् तर संसदमा वा विभिन्न प्रदेशसभामा उनीहरूको बलियो वा कमजोर उपस्थितिले मधेशको सवालहरूलाई पूरा गराउने दिशामा सहयोगी भूमिका हुन सक्छ कि सक्दैन भनेर हामी एउटा छलफल प्रारम्भ गर्छौं र त्यसले मधेशमा एउटा नयाँ धारको निर्माण गर्नेछ।

- **मधेशको माग राजपा र संघीय समाजवादी फोरमका लागि खसीको टाउको अगाडि राखेर कुकुरको मासु बेच्ने सरहको म मान्दछु।**
- **खाली मधेशी जनताको भावनाको नेता बन्नका लागि उनीहरूले हामी संविधानको संशोधन चाहन्छौं, हामी प्रादेशिक पुनर्निर्धारण चाहन्छौं भन्दै आएका छन्।**
- **स्वायत्त मधेश प्रदेशको निर्माणका लागि, मधेशको समुचित प्रतिनिधित्वका लागि, मधेश प्रदेशको पुनः मान्यताका लागि यावत् जुन मागहरू रहेका छन्, त्यसलाई शान्तिपूर्ण ढंगबाट उठाउनका लागि वैकल्पिक संगठनको अति आवश्यकता रहेको छ।**
- **मधेशका आन्दोलनकारीहरूले यस कुरालाई महसुस गर्नेछन् कि संसदमा रहेका यी पक्षहरूबाट मधेशका सवालहरू प्रतिनिधित्व हुँदैन।**
- **आधारभूत मागहरूलाई पुरा गराउने खालको संशोधनको कुनै सम्भावना छैन।**
- **केही समयपछि मधेशी दलहरूको चरित्र र राज्यको चरित्र जब स्पष्ट हुन्छ त्यसपछि मात्र एउटा संग्लो धारको निर्माण हुन्छ।**
- **वाम गठबन्धनको सरकार बने पनि मधेशी दलहरू त्यसमा सहभागी हुनेछन् भन्ने आशय देख्न थालिएको छ।**
- **हामी एउटा छलफल प्रारम्भ गर्छौं र त्यसले मधेशमा एउटा नयाँ धारको निर्माण गर्नेछ।**

# राष्ट्रियसभामा कसले कति सीट पाउने ?



शंकर अर्याल

एकल संक्रमणीय व्यवस्थाअनुसार राष्ट्रिय सभाको निर्वाचन हुने भएपछि काँग्रेसले ७ प्रदेशबाट छनौट हुने कुल ५६ सिटमध्ये ११ सिट प्राप्त गर्ने निश्चित देखिएको छ। एमाले–माओवादीले ३७ सिट र राजपा–फोरमले ५ सिट प्राप्त गर्ने निश्चित हुँदा बाँकी ३ सिट कसले प्राप्त गर्ने भन्ने निर्धारण साना दलहरूको अंकगणितले निर्धारण गर्ने भएको छ।

स्थानीय तह र प्रादेशिक निर्वाचनको अन्तिम नतिजाका आधारमा यस्तो आँकडा निस्किएको हो। निर्वाचनमा ७५३ स्थानीय तहका प्रमुख र उपप्रमुख गरी १५०६ जना स्थानीय जनप्रतिनिधिको प्रतिव्यक्ति १८ मतभार तथा प्रदेशसभाका ५५० जना सांसदहरूको प्रतिव्यक्ति ४८ मतभार सहित कुल २ हजार ५६ जना प्रतिनिधिले कुल ५३ हजार ५ सय ८ मत हाल्नेछन्।

**कुन प्रदेशबाट कस्तो नतिजा ?**

**प्रदेश १** : प्रदेश नं १ मा कुल १३७ स्थानीय तहबाट मेयर र उपमेयर गरी २७४ जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ४९ सय ३२ मत आउनेछ। त्यस्तै प्रत्यक्ष ५६ र समानुपातिक ३७ जना गरी कुल ९३ जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल ४४६४ मत आउँदा जम्मा मत ९३९६ हुन्छ। त्यसमध्ये एमाले माओवादीको कुल ६२१० काँग्रेसको २६२८ र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको ५५८ मत आउनेछ। राष्ट्रिय सभामा पठाउने कुल ८ सदस्यमध्ये २ जना बहुमतीय पद्दतिबाट छानिने भएकोले काँग्रेसको प्रतिनिधि त्यहाँबाट आउने छैनन्। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये एमाले माओवादीले ४ जना र काँग्रेसले २ जना सदस्य पठाउन पाउनेछन्। अन्य दल तथा स्वतन्त्र उम्मेदवारहरूले जसलाई समर्थन गरे पनि नतिजामा परिवर्तन हुनेछैन। यसरी वाम गठबन्धनबाट ६ जना र काँग्रेसबाट २ जना प्रतिनिधि आउनेछन्।

**प्रदेश २** : प्रदेश नं २ मा कुल १३६ स्थानीय तहबाट मेयर र उपमेयर गरी २७२ जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ४८ सय ९६ मत आउनेछ। त्यस्तै प्रत्यक्ष ६४ र समानुपातिक ४३ जना गरी कुल १०७ जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल ५१३६ मत आउँदा जम्मा मत १००३२ हुन्छ। त्यसमध्ये राजपा फोरमको ४४८२, एमाले माओवादीको कुल ३०३० काँग्रेसको २३७० र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको १५० मत आउनेछ। २ जना बहुमतीय पद्दतीबाट छानिने अवस्थामा त्यहाँ फोरम–राजपा कै पल्लाभारी हुन्छ। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये फोरम–राजपाले ३ जना, एमाले माओवादीले २ जना र काँग्रेसले १ जना सदस्य पठाउन पाउँछन्। यो प्रदेशमा पनि अन्य दल तथा स्वतन्त्र उम्मेदवारहरूले जसलाई समर्थन गरे पनि नतिजामा परिवर्तन हुनेछैन। यसरी फोरम–राजपाका ५ जना, वाम गठबन्धनबाट २ जना र काँग्रेसबाट १ जना प्रतिनिधि आउनेछन्।

**प्रदेश ३** : प्रदेश नं ३ मा कुल ११९ स्थानीय तहबाट मेयर र उपमेयर गरी २३८ जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ४२८४ मत आउनेछ। त्यस्तै प्रत्यक्ष ६६ र समानुपातिक ४४ जना गरी कुल ११० जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल ५२८० मत आउँदा जम्मा मत ९५६४ हुन्छ। त्यसमध्ये एमाले माओवादीको कुल ६८७६, काँग्रेसको २२१४ र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको ४७४ मत आउनेछ। राष्ट्रिय सभामा पठाउने कुल ८ सदस्यमध्ये बहुमतीय पद्दतिबाट छानिने २ जना एमाले माओवादीकै सांसद हुनेछन्। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये एमाले माओवादीले ४ जना र काँग्रेसले १ जना सदस्य पठाउन पाउनेछन्। अन्य १ जना भने साना दलहरूले समर्थन गर्ने दलले प्राप्त गर्नेछन्। यसरी प्रदेश नं ३ मा वाम गठबन्धनबाट ६ वा ७ जना र काँग्रेसबाट १ वा २ जना प्रतिनिधि आउनेछन्।

**प्रदेश ४** : प्रदेश नं ४ मा कुल ८५ स्थानीय तहबाट मेयर र उपमेयर गरी १७० जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ३०६० मत आउनेछ। त्यस्तै प्रत्यक्ष ३६ र समानुपातिक २४ जना गरी कुल ६० जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल २८८० मत आउँदा जम्मा मत ५९४० हुन्छ। त्यसमध्ये एमाले माओवादीको कुल ३३३०, काँग्रेसको २१९६ र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको ४१४ मत आउनेछ। राष्ट्रिय सभामा पठाउने कुल ८ सदस्यमध्ये बहुमतीय पद्दतिबाट छानिने २ जना एमाले माओवादीकै सांसद हुनेछन्। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये एमाले माओवादीले ३ जना र काँग्रेसले २ जना सदस्य पठाउन पाउनेछन्। अन्य १ जना भने साना दलहरूले समर्थन गर्ने दलले प्राप्त गर्नेछन्। यसरी प्रदेश नं ४ मा वाम गठबन्धनबाट ५ वा ६ जना र काँग्रेसबाट २ वा ३ जना प्रतिनिधि आउनेछन्।

**प्रदेश ५** : प्रदेश नं ५ मा कुल १०९ स्थानीय तहबाट मेयर र उपमेयर गरी २१८ जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ३९२४ मत आउनेछ। त्यस्तै प्रत्यक्ष ५२ र समानुपातिक ३५ जना गरी कुल ८७ जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल ४१७६ मत आउँदा जम्मा मत ८१०० हुन्छ। त्यसमध्ये एमाले माओवादीको कुल ५२८६, काँग्रेसको २१०० र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको ७१४ मत आउनेछ। राष्ट्रिय सभामा पठाउने कुल ८ सदस्यमध्ये बहुमतीय पद्दतिबाट छानिने २ जना एमाले माओवादीकै सांसद हुनेछन्। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये एमाले माओवादीले ४ जना र काँग्रेसले २ जना सदस्य पठाउन पाउनेछन्। यसरी प्रदेश नं ५ मा वाम गठबन्धनबाट ६ जना र काँग्रेसबाट २ जना प्रतिनिधि आउनेछन्।




**प्रदेश ६** : प्रदेश नं ६ मा कुल ७९ स्थानीय तहबाट मेयर र उपमेयर गरी १५८ जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ३८४४ मत आउनेछ। त्यस्तै प्रत्यक्ष २४ र समानुपातिक १६ जना गरी कुल ४० जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल १९२० मत आउँदा जम्मा मत ४७६४ हुन्छ। त्यसमध्ये एमाले माओवादीको कुल ३५२८, काँग्रेसको १०६२ र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको १७४ मत आउनेछ। राष्ट्रिय सभामा पठाउने कुल ८ सदस्यमध्ये बहुमतीय पद्दतिबाट छानिने २ जना एमाले माओवादीकै सांसद हुनेछन्। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये एमाले माओवादीले ४ जना र काँग्रेसले १ जना सदस्य पठाउन पाउनेछन्। अन्य १ जना भने साना दलहरूले समर्थन गर्ने दलले प्राप्त गर्नेछन्। यसरी प्रदेश नं ४ मा वाम गठबन्धनबाट ६ वा ७ जना र काँग्रेसबाट १ वा २ जना प्रतिनिधि आउनेछन्।

**प्रदेश ७** : प्रदेश नं ७ मा कुल ८८ स्थानीय तहबाट मेयर र उपमेयर गरी १७६ जना आउनेछन्। उनीहरूको प्रतिव्यक्ति मतभार १८ हुँदा स्थानीय प्रतिनिधिबाट कुल ३१६८ मत आउनेछ। त्यस्तै प्रत्यक्ष ३२ र समानुपातिक २१ जना गरी कुल ५३ जना प्रादेशिक सांसदबाट प्रतिव्यक्ति ४८ को दरमा कुल २५४४ मत आउँदा जम्मा मत ५७१२ हुन्छ। त्यसमध्ये एमाले माओवादीको कुल ३७०८, काँग्रेसको १८७२ र अन्य दल तथा स्वतन्त्र उम्मेदवारको १३२ मत आउनेछ। राष्ट्रिय सभामा पठाउने कुल ८ सदस्यमध्ये बहुमतीय पद्दतिबाट छानिने २ जना एमाले माओवादीकै सांसद हुनेछन्। तर एकल संक्रमणीयबाट छान्ने ६ जनामध्ये एमाले माओवादीले ४ जना र काँग्रेसले २ जना सदस्य पठाउन पाउनेछन्। यसरी प्रदेश नं ७ मा वाम गठबन्धनबाट ६ जना र काँग्रेसबाट २ जना प्रतिनिधि आउनेछन्।

यसरी ७ ओटा प्रदेशबाट एमाले माओवादीबाट कम्तीमा ३७ जना, काँग्रेसबाट कम्तीमा ११ जना तथा मधेशी दुई दल राजपा र फोरमबाट ५ जना प्रतिनिधिहरू निश्चित हुनेछन्। बाँकी ३ जना भने साना दलहरूको हातमा छ। प्रदेश नं ३ मा विवेकशील साझा, राप्रपा, राप्रपा प्रजातान्त्रिक, नयाँ शक्ति लगायतका दलहरू रहेको अवस्थामा उनीहरूको समर्थन काँग्रेसलाई हुने सम्भावना देखिन्छ। त्यस्तै, प्रदेश नं ४ मा दिपक मनाङे, राष्ट्रिय जनमोर्चा लगायतकाको समर्थन एमाले माहोवादी गठबन्धनलाई हुने हुँदा त्यहाँ गठबन्धनकै पल्लाभारी देखिन्छ। प्रदेश नं ६ मा राप्रपा निर्णायक हुने भएकोले काँग्रेसको १ सिट थप हुनसक्छ। *(निगरानी डटकमबाट साभार)*

## सामुदायिक विद्यालयहरू बन्द

राकेश यादव, रौतहट। अचानक अत्याधिक रूपमा बढेको चिसोको कारण रौतहटका सम्पूर्ण सामुदायिक विद्यालयहरू बन्द गरिएको छ। शीतलहरसँगै चालेको हुस्सुको कारण विद्यालयमा अध्यनरत विद्यार्थी हरूलाई अध्यनको लागि आऊँन समस्या उत्पन्न भएकोले पुस १७ गते सोमबारदेखि सबै सामुदायिक विद्यालयहरू बन्द गरिएको जिल्ला शिक्षा अधिकारी रामविनय सिंहले जानकारी दिएका छन्। आइतबार दिनभरि घाम नलागेकोले जनजीवन जहाँ प्रभावित भएका छन। चिसो बढेसँगै सदरमुकाम गौरमा रहेका सरकारी कार्यालयहरूमा आउने सेवाग्राहीहरूको उपस्थिति न्यून भएका छन्। बिहान र बेलुकाको समयमा हावा चलने र बाक्लो हुस्सु लाग्ने गरेको हो। चिसोले न्यानो कपडाको व्यापार बढाएको छ भने कलकारख़ाना, उद्योगधन्धा, सरकारी कार्यालयको कामकाज, यातायात सेवामा नकारात्मक प्रभाव परेको छ। बृद्धबृद्धा, अपांग, बालबालिका, गरीब आर्थिक अवस्था कमजोर भएका व्यक्ति बढी प्रभावित भएको देखिएको छ। घरपालुवा जनावरहरू गाई, गोरू, भैंसी, बाखा, कुखुरा, बाछा, बाछो, पाडापाडीमा चिसोबाट हुने रूघा खोकी, जस्तो रोगहरूको हुने जोखिम बढेको हो। सानो सानो बाखाका बच्चाहरू चिसोले गर्दा मर्ने गरेको स्थानीयहरूले बताएका छन्। स्थानीय राजदेवी नगरपालिका वार्ड नंबर ७ माँ चिसो मौसम शुरू भए यता दर्जनौको संख्यामा बाखाबाखी मरेको स्थानीयहरूले बताएका छन्। नाकबाट सिंगान बग्ने, पखाला लाग्ने र पछि पशु मर्ने लक्षण देखिए पनि रोगको पहिचान हुन सकेको छैन। अत्यधिक रूपमा बढेको चिसोले गर्दा गहुँ, तरकारी, तेलहन बालीमा नराम्रो प्रभाव पर्ने जिल्ला कृषि विकास कार्यालयका प्रमुख राजनारायण यादवले बताएका छन्। चिसोमा सुरक्षितसँग सानो बच्चा र बृद्ध बृद्धाको हेरचाह गर्नुपर्ने चिकित्सकहरूको सुझाव दिएका छन्।

## हिन्दू परिषदको केन्द्रीय अध्यक्षमा पटेल

वीरगंज। हिन्दू परिषद नेपाल केन्द्रीय समितिको विशेष बैठक वीरगंजमा सम्पन्न भएको छ। संस्थाको संस्थापक केन्द्रीय संयोजक पंडित पुरूषोत्तम दुबेको सभापतित्वमा सम्पन्न बैठकले हिन्दू परिषद् नेपालको केन्द्रीय अध्यक्षमा सर्वसहमतिले संतोष पटेललाई चयन गरेको छ। नवनिर्वाचित अध्यक्ष पटेलले बैठकमा आफ्नो धारणा राख्दै हिन्दू जागरण एवं संगठन विस्तारको कार्यमा विशेष जोड दिने बताएका थिए। नेपालमा विभिन्न बहानामा हिन्दूहरू एवं हिन्दुका आस्थाका केन्द्रमाथि हुने अन्याय अत्यचारको भण्डाफोर गर्ने बताए। पटेलले नेपाल हिन्दू राष्ट्र भएको एक मात्र मुलुक भएको र विश्वभरिका हिन्दूहरूको ठूलो आस्थाको केन्द्र नेपाल नै भएकोले नेताहरूले जनताको भावना विपरित नेपाललाई धर्मनिरपेक्ष गरेकोमा आपत्ति जनाएका थिए। कार्यक्रममा आफ्नो धारणा राख्दै संस्थापक संयोजक पुरूषोत्तम दुबेले अबको युग युवाहरूको भएकोले हिन्दु परिषद नेपालको नेतत्व संतोष पटेललाई दिएको बताउदै अगामी दिनमा नेपालमै हिन्दु परिषद एउटा शक्तिको रूपमा उदय हुने आफ्नो विश्वस्त रहेको बताएका थिए। बैठकमा हिन्दु परिषद नेपालका केन्द्रिय सचिव विनोद चौरसिया, कोषाध्यक्ष मीनु ठाकुर, केन्द्रिय सदस्यहरू भुपेन्द्र पौडेल, लालबाबु पटेल, रामेश्वर प्रसाद गुप्ता, सुरेश साह कानु, नारायणी अञ्चल संयोजक धर्मेन्द्र पटेल, सचिव हरेन्द्र पटेल, महिला संगठन संयोजक गोमा उपाध्याय, पर्सा जिल्ला वरिष्ठ उपाध्यक्ष डा. अनिल झा, उपाध्यक्ष राजकुमार मिश्रा, सचिव घनश्याम सापकोटा, कोषाध्यक्ष उदयकान्त झा, हिन्दुवादी अगुवाहरू विजय गुप्ता, संजय सर्राफ, राजेश सर्राफ, सच्चिदानन्द दुबेको बैठकमा उपस्थिति रहेको थियो। हिन्दू परिषद नेपालको केन्द्रिय अध्यक्षमा चयन भएका पटेल प्रेस मञ्च नेपालका केन्द्रिय अध्यक्ष समेत रहेका छन्।

## मधेश अपडेट

### लाल आयोगको प्रतिवेदन सार्वजनिक माग




विराटनगर। मधेश आन्दोलनको क्रममा भएका हत्या, हिंसा, तोडफोडका घटनाहरूबारे छानबिनका लागि पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न विराटनगरमा प्रदर्शन गरिएको छ। अधिकारकर्मी तथा नागरिक समाजका अगुवाहरूले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै प्रदर्शन गरेका हुन्। पीडित संघर्ष समिति मोरङको नेतृत्वमा मधेश आन्दोलनको घटना छानबिन गर्न गठित उच्चस्तरीय आयोगको सार्वजनिक गर्न माग गर्दै प्रदर्शन गरिएको छ।

### शैक्षिक खर्च र सामग्री प्रदान

वीरगंज। रूङ्गटा वेलफेयर सोसाइटी वीरगंजले एक समारोहका बीच सद्भाव छात्रवृत्ति कार्यक्रमअन्तर्गत विभिन्न समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गर्नका साथै निःशुल्क आँखा शिविर संचालन गरेको छ। वीरगंज महानगरपालिका आदर्शनगर चोकमा सोसाइटीका अध्यक्ष मुरलीधर रूङ्गटाको अध्यक्षता, संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम् पर्सा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य प्रदीप यादवको प्रमुख आतिथ्य तथा वीरगंज महानगरपालिकाको नगर प्रमुख (मेयर) एवम् संघीय समाजवादी फोरम नेपालका मधेश-प्रदेश कोषाध्यक्ष विजय कुमार सरावगीको विशेष उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा करिव १ सय १० विद्यार्थीहरूलाई १ वर्षसम्म पुग्ने गरि शैक्षिक खर्च र सामग्रीको छात्रवृती प्रदान गरिएको छ। साथै सोसाइटीद्वारा संचालन गरिएको निःशुल्क आँखा शिविरबाट करिव २ सय भन्दा अधिक व्यक्तिहरूको आँखा जाँच गरिएको सोसाइटीका सदस्य सुरेश रूङ्गटाले जानकारी दिए।

### भैरहवा-लुम्बिनी सडक स्तरोन्नति

भैरहवा। भैरहवादेखि लुम्बिनी हुँदै तौलिहवासम्मको सडकको स्तरोन्नति गर्ने काम शुरू भएको छ। भैरहवा-तौलिहवा सडकको स्तरोन्नति गर्ने कार्य तीव्र रूपमा अगाडि बढाइएको छ। सासेक सडक सुधार आयोजना भैरहवा-लुम्बिनी-तौलिहवा सडक योजनाका प्रमुख राजेश प्रसाद पौडेलले सडकको प्रारम्भिक चरणको काम शुरू भएको बताए। पहिलो चरणअन्तर्गत उक्त सडकका दायाँबायाँ पुर्ने कार्य शुरू भइसकेको छ र सडकको दायाँबायाँ पर्ने रूखको कटानी गर्ने, विद्युत् र फोनका खम्बा सार्ने लगायतका अन्य कामका लागि प्रक्रिया अघि बढाइएको छ। भैरहवाको बुद्धचोकदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चोकसम्मको बाटोलाई स्तरोन्नति गरी छ लेनको बनाइँदै छ भने विमानस्थल चोकदेखि बुद्ध जन्मस्थल लुम्बिनीको पर्साचोकसम्म चार लेनको बनाउन लागिएको छ। भैरहवादेखि लुम्बिनीसम्मको सडक अहिले दुई लेनको रहेको छ। त्यसैगरी लुम्बिनीदेखि कपिलबस्तु तौलिहवासम्मको सडक दुई लेनको बनाइँदै छ। उक्त सडक अहिले एक लेनको रहेको छ।

### फुटबल संघमा नयाँ कार्यसमिति

सिरहा। सिरहा फुटबल संघको पाँचौं साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको छ। अरूणकुमार साहको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरिएको हो। मिर्चैयामा सोमबार सम्पन्न पाँचौं साधारणसभाले उपाध्यक्षहरूमा शम्भू चौधरी, नागेश्वर यादव र नवीनकुमार यादव, महासचिवमा प्रवीणकुमार यादव र कोषाध्यक्षमा सुमनकुमार श्रेष्ठलाई चयन गरिएको जनाइएको छ। समितिको सदस्यमा सरिता पौडेल, श्यामसुन्दर सिंह, राजिपकुमार यादव, दिनेश श्रेष्ठ, अञ्जली राई, हरिप्रसाद साह, साँझकुमार आले मगर, गणेश यादवलगायतलाई चयन गरेको संघले जनाएको छ।

### मुसहर समुदायलाई राहत वितरण

महोत्तरी। शीतलहर एवं बाक्लो हुस्सुको समयमा न्यानोको अभावमा कष्टकर जीवन बिताउँदै आएका मुसहर समुदायलाई राहत वितरण गरिएको छ। महोत्तरी गौशाला नगरपालिका-७ महहर्वाका मुसहर समुदायले राहत पाएका छन्। शीतलहरबाट बच्नका लागि काठमाडौंस्थित क्षेत्रपाटी निःशुल्क चिकित्सालयले शुक्रबार सो बस्तीमै गएर करिब रू १० लाख बराबरको राहत सामग्री वितरण गरेको जनाइएको छ। सो बस्तीमा बसोबास गर्दै आएका १०२ परिवारलाई शीतलहरबाट बच्नका लागि कम्बल, म्याट, ट्र्याकसुट, दन्तमन्जन, चालमजस्ता सामग्री वितरण गरिएको हो। साथै सो बस्तीमा नगदसमेत वितरण गरिएको छ। तराई शीतलहरले पीडित रहेको समयमा आफूहरू पहाडबाट आएर सहयोग गर्न पाउँदा धेरै नै हर्षित भएको क्षेत्रपाटी निःशुल्क चिकित्सालय व्यवस्थापन समितिका अध्यक्ष विजयबहादुर मालीले बताए।

### सन्थाल समुदायलाई न्यानो कपडा वितरण

झापा। झापाको हल्दिबारी-४ जलथलमा सोमबार विपन्न तथा लोपोन्मुख सन्थाल समुदायका १२० परिवारलाई न्यानो कपडा वितरण गरिएको छ। काठमाडौंको असनमा मुख्य कार्यालय रहेको साइ बचत तथा ऋण सहकारी संस्था र स्वर्णिम सहारा परिवारको संयुक्त पहलमा न्यानो कपडा वितरण गरिएको हो। सामाजिक कार्य गरेर नयाँ वर्ष मनाउने योजनाअनुरूप सामग्री वितरण गरिएको स्वर्णिम सहाराकी अध्यक्ष प्रिन्सेस एञ्जलले जानकारी दिइन्। संस्थाले गत तिहारमा देउसी खेलेर संकलित रकममा थप सहयोग जुटाएर रू तीन लाख ५० हजार मूल्य बराबरको सामग्री वितरण गरिएको थियो। झापा क्षेत्र नं ३ का सांसद राजेन्द्र लिङ्देनलगायतले न्यानो कपडा वितरण गरेका थिए।

### चिसो बढेसँगै अस्पतालमा विरामीको चाप

बाँके। केही दिनदेखि बढेको चिसो र शीतलहरका कारण अस्पतालमा विरामीको चाप बढिरहेका छ। चिसो बढेसँगै निमोनिया, रूघाखोकी, श्वासप्रश्वासलगायतका बिरामीको चाप अस्पताल तथा स्वास्थ्य संस्थामा बढ्न थालेको अस्पतालले जनाएका छन्। बाक्लो हुस्सुसँगैको शीतलहरका कारण बढेको कठ्यांग्रिने जाडोले बाँकेको जनजीवन कष्टकर बनेको छ। शीतलहरसँगै बढेको जाडोले विद्यालय जाने विद्यार्थी, वृद्धवृद्धा र दैनिक मजदुरी गर्नेलाई बढी असर पुऱ्याएको छ। शहरी तथा ग्रामीण क्षेत्रका कतिपय ठाउँमा भने सार्वजनिकस्थलमा आगो बालेर ताप्ने गरिएको छ।

### फुटबल संघ रूपन्देहीमा केसी विजयी

रूपन्देही। रूपन्देही जिल्ला फुटबल संघको अध्यक्षमा दीर्घबहादुर केसी विजयी भएका छन्। रूपन्देहीका २० मध्ये १९ क्लबले चुनावमा भाग लिएका थिए। खसेको १९ मध्ये १४ मत प्राप्त गरी केसी दोस्रो कार्यकालका लागि अध्यक्षमा विजयी भएका हुन्। सोमबार राति भएको चुनावबाट संघको उपाध्यक्षमा भुपेन्द्रबहादुर क्षेत्री (हरि), मुकेश कुँवर र खेमराज गुरूङ विजयी भएका छन्। सदस्यमा होम गलामी, सोमबहादुर थापा (सुरज), पदमबहादुर थापा (अशोक), जुक्तबहादुर थापा, मनोजकुमार थापा, इसान भण्डारी, शंकर मल्लाह र प्रेम राना विजयी भएका छन्। संघको पहिलो बैठकले महासचिव, सचिव र कोषाध्यक्ष मनोनीत गर्नेछ।

### सुनचाँदी व्यवसायीलाई मातृशोक

जनकपुरधाम। सुनचाँदी व्यवसायी पवन ठाकुर र ऋषी ठाकुरलाई मातृ शोक परेको छ। न्यु महालक्ष्मी ज्वलेरीका सञ्चालक ठाकुरकी ममतामयी आमा रामेश्वरी देवी ठाकुरको उपचारको क्रममा बुधबार काठमाण्डुको नर्भिक अस्पतालमा साँझ ४ बजे मृत्यु भएको छ। उनी ४ वर्षदेखि बिरामी भै उपचारको क्रममा काठमाण्डुमा रहँदै आएकी थिइन्। ठाकुर ८० वर्षकी थिईन्। उनको अन्त्येष्टि जनकपुर स्थित स्वर्गद्वारमा बिहिवार बिहान ११ बजे गरिने पवन ठाकुरले जनाएका छन्। स्वर्गीय ठाकुरका ३ छोरा र १ छोरी छन्। जेठा छोराको देहावसान भईसकेको छ। पवन ठाकुर जनकपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदका उम्मेदवार हुन्। उनले चुनावी अभियान जारी रहने समाचार इजनकपुरटुडेमा प्रकाशित भएको छ।

# प्रतिवेदनमा भएका कुरा जनताले थाहा पाउनुपर्छ

**० उच्चस्तरीय जाँचबुझ आयोगले प्रतिवेदन बुझाएको तीन साता बितिसक्दा पनि सरकारले सार्वजनिक गरेको छैन। किन होला ?**

– हामीले मंसिर २९ गते सरकारलाई प्रतिवेदन बुझाइसकेका छौं। अब यो प्रतिवेदन सार्वजनिक गर्ने नगर्ने काम हाम्रो होइन। यो सरकारको काम हो। त्यसकारण यो विषयमा सरकारका प्रतिनिधिहरूले जवाफ दिन सक्छन्।

**० तपाईंहरूले प्रतिवेदन बुझाउनुभयो। तर, प्रतिवेदनमा के छ भन्ने कुरा जनताले थाहा पाउनुपर्‍यो नि, होइन ?**

– व्यक्तिगत रूपमा भन्नुपर्दा म पनि चाहन्छु कि प्रतिवेदन सार्वजनिक होस्। मृतकका परिवारलाई घटनाहरूका विषयमा सरकारले जानकारी दिएको भए हुन्थ्यो। उनीहरूले पनि यो प्रतिवेदनमा भएको कुरा थाहा पाउन चाहन्छन्। यो प्रतिवेदनले नेपाललाई जोड्ने प्रयास गरेको छ। प्रतिवेदनमा तोड्ने कुराहरू छैनन्। जनताको भावनाअनुसार नै प्रतिवेदन बनाइएको छ। आयोगको टोलीले अनुगमनका क्रममा मधेश जाँदा त्यहाँ अधिकांश व्यक्तिले नेपालमै बस्न चाहेको बताएका थिए। ती कुराहरू पनि प्रतिवेदनमा परेका छन्। त्यसकारण नेपालको सार्वभौमसत्तामा असर पर्ने अथवा कुनै टकराब हुने कुराहरू मेरो विचारमा प्रतिवेदनमा परेको छैन। त्यसकारण सरकारले यो प्रतिवेदन सार्वजनिक गरे हुन्छ। सरकारले सार्वजनिक गरे हुन्छ भन्ने मैले आफ्नो विचार मात्र व्यक्त गर्न सक्छु। तर, सरकारलाई त सार्वजनिक गर भनेर भन्न सक्दिनँ।

**० सरकारले प्रतिवेदन सार्वजनिक नगर्नुको कारण के होला ?**

– नेपालको अखण्डता, एकतालगायतका कुरा प्रतिवेदनमा गरिएको छ। नेपाली जनता एकताबद्ध भएर खुशीका साथ कसरी बस्न सक्छन् भन्ने कुराहरू पनि प्रतिवेदनमा गरिएको छ। त्यही भएर समस्या हुने खालका कुनै कुरा छैन। फेरि प्रतिवेदनमा हामीले आफ्नो कुरा मात्र राखेका छैनौं। हामीले जनताका विचारलाई बढी प्राथमिकता दिएका छौं। हामीले प्रतिवेदन बनाउने क्रममा सबै पीडित परिवारलाई भेटेका छौं। सबै घटनास्थलमा पुगेका छौं। साथै पीडितहरूसँग अन्तर्क्रिया पनि गरेका छौं। यी सब कुराहरू गोप्य थिएनन्। यी विचारहरू पत्रकारहरूसमक्ष नै गरिएको हुनाले गोप्नीय राख्नुपर्ने कुराहरू खासै छैनन्।

**० जाँचबुझ गरी प्रतिवेदन बनाउन समय धेरै किन लागेको होला ?**

– आयोगमा चार हजारभन्दा बढी उजुरी परेका थिए। वेभसाइट, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, मानवअधिकारवादी संस्था, दलहरूलगायतले उजुरी संकलन गरेर हामीलाई दिएका थिए। जसमध्ये छनौट गरिएका ३ हजार २ सय ६४ उजुरीको हामीले छानबिन गरेका थियौं। हाम्रो कार्य प्रणाली पारदर्शी थियो। हामीलाई काम गर्नका लागि सरकारले ठाउँ पनि खोजिदियो। तर, जनशक्तिका साथै अन्य साधन श्रोतको अभाव थियो। यी सबै कुराको बजेट उपलब्ध गराउन साढे दुई महिना बित्यो। सरकारी संयन्त्रको ढिलाइका कारण हामीले करिब ३ महिनाको समय त्यतिकै गुमाउनुपरेको थियो। आयोग गठन भएको १४ महिनामा हामीले यो प्रतिवेदन बुझाएका छौं। खासमा यति धेरै उजुरीमाथि छानबिन गरी १४ महिनामा प्रतिवेदन बुझाउनु पनि ठूलो कुरा हो। मैले बाहिरबाट हेर्दा आफैंलाई आश्चर्य लाग्छ, कि हामीले यति छिटो कसरी काम सम्पन्न गर्न सक्यौं।

**बहस : उच्चस्तरीय जाँचबुझ आयोग**

- **यो प्रतिवेदनले नेपाललाई जोड्ने प्रयास गरेको छ। प्रतिवेदनमा तोड्ने कुराहरू छैनन्।**
- **नेपालको सार्वभौमसत्तामा असर पर्ने अथवा कुनै टकराब हुने कुराहरू मेरो विचारमा प्रतिवेदनमा परेको छैन।**
- **सबै प्रतिवेदन यति चाँडै प्रकाशित हुँदैन। मल्लिक आयोगकै प्रतिवेदन प्रकाशित हुन वर्षौ ढिलाइ भयो।**
- **जनताले चासो दिएनन् भने सरकारले पनि प्रकाशित गर्नेतर्फ ध्यान नदिन सक्छ।**
- **टीकापुर घटनाका विषयमा परेका निवेदनहरू पनि हामीले उल्लेख गरेका छौं।**

**० सरकारलाई प्रतिवेदन सार्वजनिक गर्न कसले रोकेको होला ?**

– यो मैले जान्नुपर्ने कुरा होइन। तपाईंहरूले नै पत्ता लगाउनुस्।

**० भनेपछि सरकारले प्रतिवेदन जहिले सार्वजनिक गरे पनि हुने भयो ?**

– म व्यक्तिगत विचार भनिरहेको छु। हाम्रो संविधान लोकतान्त्रिक छ। हाम्रा नेताहरूले यसलाई उत्कृष्ट संविधानको संज्ञा पनि दिएका छन्। त्यसमा सूचनासम्बन्धी अधिकार पनि छ। तर, यो प्रतिवेदन सार्वजनिक गर्ने कि नगर्ने भन्ने कुरा मैले निर्णय गर्ने होइन।

**० प्रतिवेदन छिटो सार्वजनिक गर्न कानुनले पनि सरकारलाई बाध्य पारेको छैन ?**

– त्यो कसरी भन्न सकिन्छ ? संविधानमा सूचनासम्बन्धी अधिकार छ।

**० वितगमा विभिन्न घटनाको जाँचका लागि आयोगहरू बनेका थिए। उनीहरूले प्रतिवेदन पनि बुझाएका थिए। तर, केहीको अहिले पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन। यस्तो त विगतदेखि नै भइरहेको छ। भनेपछि यो प्रतिवेदन पनि त्यही सूचीमा समावेश हुने त होइन ?**

– म आशावादी छु। यो प्रतिवेदन प्रकाशित हुने विश्वास लिएको छु। यसमा पीडित जनताहरूले पनि कानुनी उपचार खोज्नुपर्छ। सबै प्रतिवेदन यति चाँडै प्रकाशित हुँदैन। मल्लिक आयोगकै प्रतिवेदन प्रकाशित हुन वर्षौ ढिलाइ भयो। धेरै प्रतिवेदन प्रकाशित पनि भएका छन्। सबैलाई सरकारले लुकाएरै राखेको छ भन्ने पनि होइन। जनताले चासो दिएनन् भने सरकारले पनि प्रकाशित गर्नेतर्फ ध्यान नदिन सक्छ। मृतकका परिवार तथा पीडितमध्ये अधिकांशले क्षतिपूर्ति पाइसके, धेरैले चित्त बुझाइसके, यसलाई किन खोतल्नुपर्‍यो भनेर पनि सरकारले सोच्न सक्छ। सरकारको स्वभाव यस्तै हुन्छ।

**० तपाईंहरूले प्रतिवेदन हस्तान्तरण गर्नेबेला प्रधानमन्त्रीले के भन्नुभएको थियो ?**

– प्रधानमन्त्रीले प्रतिवेदनलाई उल्टाएर पल्टाएर हेर्नुभयो। तपाईंहरूले धेरै मिहिनेत गर्नुभयो भनेर पनि भन्नुभयो। धेरै खुशी हुनुभयो। उहाँले प्रतिवेदनका विषयहरू पनि हेर्नुभयो। राजनीतिक विवेचना, सामाजिक विवेचनालगायत हेर्नुभयो। त्यसपछि प्रतिवेदनका सारांशहरू पनि हेर्नुभयो। त्यसपछि उहाँले प्रतिवेदनको विषयमा सरकारले निर्णय लिन्छ भनेर भन्नुभयो।

**० सार्वजनिक कहिले गर्ने भनेर उहाँले भन्नु भएन ?**

– त्यो त भन्नुभएन।



**गिरिशचन्द्र लाल**
**अध्यक्ष, उच्चस्तरीय जाचबुझ आयोग**

**० तपाईंहरूले घटनास्थलहरूमा पुगेर सत्यतथ्य खोज्नुभयो। के के पाउनुभयो ?**

– हामीले घटनास्थल पुगेर छानबिन गर्नुका साथै अन्य प्रतिवेदनहरूको पनि अध्ययन गरेका थियौं। यी सबै अध्ययनहरू पारदर्शी छन्। अब अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको प्रतिवेदनमा के छ भन्ने कुरा सबैलाई थाहा छ। मावनअधिकार आयोगको प्रतिवेदनमा के छ भन्ने कुरा पनि सबैलाई थाहा हुनुपर्ने हो। हामीले जिल्ला जिल्लामा गएर अन्तर्क्रिया गरेको कुरा पनि सबैलाई थाहा हुनुपर्ने हो। हामीले पत्रकारहरूको उपस्थितिमै सबै काम गरेका छौं। त्यसकारण मेरो मुखबाट सुन्नुभन्दा त्यो प्रतिवेदनमा के छ भन्ने कुरा अनुमान गर्नुस्। यसका साथै सुझावका कुराहरू देशलाई हितमा राखेर दिइएको छ। त्यस्तै, अगामी दिन यसप्रकारका आन्दोलनहरू हुन नदिन, एकता कामय राख्न, अखण्डतालाई ध्यानमा राखेर प्रतिवेदन बुझाइएको हो। त्यसकारण यो प्रतिवेदनमा के होला भनेर सहजै अनुमान गर्न सकिन्छ।

**० यो प्रतिवेदनले हालै निर्वाचित सांसद् रेशम चौधरीको मुद्दामा कस्तो असर पार्न सक्छ ?**

– उहाँमाथि लगाइएको मुद्दा आयोगको विषय होइन। मुद्दा अदालतमा छ। अदालतमा भएको मुद्दाको विषयमा आयोगले कुनै विचार राख्न सक्दैन। जहाँसम्म टीकापुर घटनाको कुरा छ। हामी टीकापुरको पनि स्थलगत अनुगमन गरेका थियौं। त्यहाँका जनताले राखेका कुरा पनि हामीले प्रतिवेदन राखेका छौं। टीकापुर घटनाका विषयमा परेका निवेदनहरू पनि हामीले उल्लेख गरेका छौं। त्यस्तै, प्रहरी प्रशासनको भनाइ पनि हामीले उल्लेख गरेका छौं।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

## संक्षिप्त समाचार

### पूर्वराजा शाहद्वारा पुजापाठ



धनगढी। पूर्वराजा ज्ञानेन्द्र शाहले धनगढीमा रहेका धार्मिकस्थलहरूमा पुजापाठ गरेका छन्। बुधबार धनगढी पुगेका पूर्वराजा शाहले धनगढी उपमहानगरपालिका-४, उत्तर बेहडीमा रहेको प्रसिद्ध धार्मिक स्थल शिवपुरी उत्तररामेश्वर धाममा पुजापाठ गरेका छन्। उनले धाममा रहेको १ सय ८ फिट अग्लो शिवलिङ्ग, नेपाल आमाको मुर्ती लगायतमा पुजा गरेका हुन्। पूर्वराजा शाह आउने जानकारी पाएपछि उनको स्वागतमा स्थानीय मानिसहरू सडकको दायाँ-बाया दुवैतर्फ फूलमाला लिएर स्वागत गर्न बसेका थिए।

### कठ्याङ्ग्रिएर महिलाको मृत्यु

मोरङ। जाडोले कठ्याङ्ग्रिएर एक महिलाको मृत्यु भएको छ। बिराटनगर महानगरपालिका-१२ बस्ने सत्यनारायण सरदारको घरमा पाहुना आएका कटहरी गाउँपालिका-५ बस्ने ४० बर्षीया आशा सरदारको मंगलबार जाडोले कठ्याङग्रीएर मृत्यु भएको छ।

### धनुषाका विद्यालय बन्द

धनुषा। धनुषा जिल्लाका सामुदायिक विद्यालयहरू बुधबारदेखि माघ १ गतेसम्मका लागि बन्द गर्ने निर्णय गरिएको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार अधिक चिसोका कारण सामुदायिक विद्यालय बन्द गर्ने निर्णय गरिएको हो। कार्यालयको वार्षिक शैक्षिक कार्यक्रमअनुरूप जाडो बिदा पुस २४ गतेदेखि माघ ५ गतेसम्म हुने भएकोमा अधिक चिसोका कारण शैक्षिक कार्यक्रम पूर्व नै बिदा दिनुपरेको जिल्ला शिक्षा अधिकारी यमबहादुर खड्काले बताए।

### कपिलवस्तुका विद्यालय बन्द

कपिलवस्तु। चिसो बढेपछि विद्यार्थीहरू बढी प्रभावित भइरहँदा जिल्लाका सामुदायिक विद्यालय पुस मसान्तसम्मका लागि बन्द भएका छन्। अधिक चिसो भएका कारण बालबालिकालाई पठनपाठनमा समस्या उत्पन्न हुने भएकाले जिल्ला शिक्षा कार्यालयसँगको समन्वयमा विद्यालय बन्द भएको विद्यालयले जनाएको छ। अर्धवार्षिक परीक्षा सम्पन्न गरी शैक्षिक क्यालेण्डरअनुसार नै जाडो बिदा गरिएको हो। वाणगंगा स्रोत केन्द्रअन्तर्गतका विद्यालयमा भने आइतबारबाट विद्यालय बन्द हुने भएको छ।

### करेन्ट लागेर युवकको मृत्यु

रूपन्देही। सैनामैना नगरपालिका-१ बेमतनी बस्ने ३५ बर्षीय भिकु थारूको करेन्ट लागेर मृत्यु भएको छ। सोही ठाउँ बस्ने नेत्र घर्तीको घर ढलान गर्ने क्रममा फलामको सरियाले हाईटेन्सनको लाईनको तारमा छुन जाँदा बुधबार करेन्ट लागेर असक्त भएका थारूको लुम्बिनी अंचल अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

### फर्निचरमा आगलागीबाट लाखौंको क्षति

रौतहट। फतुवा बिजयपुर नगरपालिका-११ हिमलीवास बस्ने काजी श्रेष्ठको फर्निचरमा बुधबार बिद्युत सर्ट भई आगलागी हुँदा लाखौं सामान जलेर नष्ट भएको छ। आगलागी हुँदा काठ, टेबल, कुर्ची लगायतका सामान जलेर करीब ३ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ। स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीमा गोठ र पाडी जल्यो

रौतहट। गढीमाई नगरपालिका-२ समनपुर बस्ने श्रीराम साहको गोठमा आइतबार घुरबाट आगलागी हुँदा गोठ र एक पाडी जलेर करीब २ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। दमकल, स्थानीय बासिन्दाको सहयोगमा स्थानीय प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ।

### मोरङमा आगलागीबाट १८ लाखको क्षति

मोरङ। मोरङको दुई छुट्टाछुट्टै स्थानमा आगलागी हुँदा १८ लाखभन्दा बढीको धनमाल क्षति भएकोम छ। सुनवर्षी नगरपालिका-९ डायनियास्थित सोही ठाउँ बस्ने मो. सोयाद आलमको टेलर तथा कपडा पसलमा आईरनबाट करेन्ट सर्ट भई आइतबार आगलागी हुँदा टेलर र पसलको सामान जलेर करीव १० लाख रूपैयाँ तथा सोही नजिकै रहेको बिष्णु दासको कपडा पसल समेत जलेर करीव ८ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। यसैगरी मोरङकै बुढीगंगा गाउँपालिका-७ बस्ने श्याम पौडेलको घरमा आइतबार आगलागी हुँदा नजिकैको कुखुरा फारम, घर, लत्ताकपडा, फर्निचर, नगद १ लाख समेत जलेर करीब १० लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ।

### तुईन चुडिएर मृत्यु

कैलाली। महोन्याल गाउँपालिका-७ चिप्लेस्थित कर्णाली नदीमा आइबार तुईन तर्ने क्रममा तुईनको डोरी चुँडिन गई खस्दा सोही गाउँपालिका-६ सोल्टा बस्ने ३५ वर्षीय टेकबहादुर बिष्टको घटनास्थलमै मृत्यु भएको छ। उक्त तुईन चुँडिएर सोही ठाउँ बस्ने ३५ वर्षीय तारा अधिकारी र २५ वर्षीय सुमन भण्डारी समेत घाइते भएकाले उपचारको लागि मेडिकल कलेज कोहलपुर नेपालगंजमा पठाइएको छ।

### गाई काट्ने चार जना पक्राउ

मकवानपुर। गाई काटेको अभियोगमा बकैया गाउँपालिका-७ कान्द्राङ बस्ने ४८ बर्षीय शंकर मोक्तान सहित ४ जनालाई आइतबार प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँस्थित सन्तबहादुर राईको सिरूवारीमा गाई काटिरहेको अवस्थामा गाईको मासु सहित उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

### चिसोले कठ्याङग्रिएर मृत्यु

रौतहट। गढीमाई नगरपालिका-४ सुन्दरपुर बस्ने ५६ बर्षीय महर्जन ठाकुर हजामको चिसोको कारण कठाङग्रिएर मृत्यु भएको छ। उनको उपचारका लागि गरूडास्थित अनामिका अस्पताल लैजाने क्रममा आइतबार बाटोमा मृत्यु भएको हो।

## आन्दोलन संसदबाट हुन्छ : कर्ण

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालका सहअध्यक्ष तथा सांसद् लक्ष्मणलाल कर्णले आफूहरूले अब संसदबाट आन्दोलन सुरू गर्ने चेतावनी दिएका छन्। रिपोर्टर्स क्लबमा शनिबार आयोजित साक्षात्कार कार्यक्रममा उनले भने, 'हामी त अहिले पनि आन्दोलनमै छौं, यो निर्वाचनलाई पनि आन्दोलनकै रूपमा उपयोग गरेको हो।' 'अब हाम्रो आन्दोलन संसदबाट सुरू हुन्छ, संसद बाहिरको आन्दोलन हामीले सोचेको छैन।' उनले संविधान संशोधन र झुठा मुद्दा फिर्ताको पहल सुरू भए आफूहरू सरकारमा जान तयार रहेको विश्वास दिलाए। उनले आफूहरू पनि सरकारमै जानको लागि राजनीति गरिरहेको उल्लेख गर्दै भने, 'मैले धेरै पहिला यही क्लबको मञ्चमा भनेको थिएँ, हामीले राजनीति गरेको कुनै साधु वा सन्त बन्नका लागि होइन, राजनीतिको मूल कोर्स भनेको नै सरकार हो नि।' यद्धपी उनले आफूहरूको प्राथमिकता अहिले सरकारभन्दा पनि संविधान संशोधन र नेता तथा कार्यकर्ताहरूमाथि लगाईएका झुठा मुद्दा फिर्ता रहेको स्पष्ट पारे। सरकारले झुठा मुद्दा लगाएको भन्ने कुरा कैलालीबाट निर्वाचित आफ्ना नेता रेशम चौधरीले पुष्टि गसिकेको पनि उनले जिकिर गरे। 'त्यसैले अबको सरकारले झुठा मुद्दा फिर्ता गर्नुपर्छ, धेरै कामहरू यसअघिका सरकारले गरिसकेको छ, अब आउने सरकारले निर्णय गरे हुन्छ-कर्णले थपे।'

## रौतहटमा प्रदर्शन

राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य एवं रौतहट निर्वाचन क्षेत्र नम्बर १ का निर्वाचित सांसद अनिल कुमार झाले प्रदेश सभामा समानुपातिकबाट आफ्नो श्रीमती डा.डिम्पल झाको नाम सिफारिश गरेको विरोधमा सदरमुकाम गौरस्थित मधेशी क्रान्ति चौकमा पार्टीका कार्यकर्ताहरूले शनिबार विरोध प्रदर्शन गरेका छन्। राजपाका भातृ संगठनका युवाहरूको समूहले मुख्य सडकमा टायर बालेर विरोध प्रदर्शन गरेका छन्। प्रत्यक्षतर्फबाट निर्वाचित भएका झाले पार्टी कार्यकर्तालाई समानुपातिक तर्फबाट सक्रीय कार्यकर्तालाई राख्नुपर्नेमा आफ्नो पत्नीको नाम सिफारिश गरेर मत दिएका मतदाताको भावनामा ठेस पुर्‍याएको प्रदर्शनकारीको आरोप छ। पूर्वसांसदसमेत रहेकी डिम्पल झा दोस्रो पटक पनि समानुपातिकबाट चयन भएकी छन्। युवा नेता ओमप्रकाश साहको नेतृत्वमा रहेका युवाहरूले समानुपातिकमा सिफारिश गरिएकी झाको नाम सच्याउनुपर्ने माग गरेका छन्। नाम सुधार गरिएन भने सांसद झाको विरूद्धमा आन्दोलन गर्ने चेतावनी दिएका छन्। निर्वाचन क्षेत्र नम्बर १ का जनताले अध्यक्षमण्डलीय सदस्य झा आफ्नो श्रीमतीलाई भागबण्डाको आधारमा राखेर नराम्रो कार्य गरेको आलोचना गरिरहेका छन्। मधेशका लागि आफ्नो ज्यानको आहुति दिएका शहीद परिवारलाई पहिलो प्राथमिकता दिनुपर्ने सो नभए सक्रिय कार्यकर्तालाई राख्नुपर्ने सो पनि नगरेर परिवारवादको राजनीति गरेको आरोप लगाउँदै झाप्रति स्थानीयहरू आक्रोशित भएका छन्।

## मूल्यबृद्धि नियन्त्रण माग गर्दै ज्ञापन

चन्द्रकान्त खनाल, रूपन्देही। छड तथा सिमेन्ट उद्योगहरूले विनाकारण मुल्य बृद्धि गरेको भन्दै रूपन्देहीका हार्डवेयर व्यबसायीहरूले मुल्यबृद्धि नियन्त्रणको माग गरि जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका छन्। छड तथा सिमेण्ट उद्योगहरूले विनाकारण मूल्य बृद्धि गरेको भन्दै जिल्लाका हार्डवेयर व्यबसायीहरूको संस्था रूपन्देही सिद्धार्थ निर्माण सामाग्री व्यबसायी संघको टोलीले बुधबार जिल्ला प्रशासन कार्यालयलाई ज्ञापन पत्र बुझाएको हो।



उद्योगीहरूले विना कारण मूल्य वृद्धि गरेपछि यसको प्रत्यक्ष असर उपभोक्ता र हार्डवेयर ब्यवसायीमा परेको बताउँदै मूल्यबृद्धिको चौतर्फी विरोध भईरहँदा समेत सरोकारवाला निकायवाट अनुगमन, छानविन तथा मूल्य नियन्त्रण गर्नेतर्फ कुनै कदम नचालिनु अर्को आश्चर्यको विषय वनेको संघका अध्यक्ष सुनिल मरासिनीले बताए। 'वर्तमान अवस्थामा नेपालमा लोडसेडिङ् भैरहेको छैन, डलरको भाउ समेत बढेको छैन, बिरगंञ्ज बाहेक अन्य नाकाबाट सहज रूपमा क्लिङ्कर आयात भईरहेको छ भने भारतमा समेत क्लिङ्करको भाउ बढेको छैन र अहिले स्वदेशमै प्रसस्त मात्रामा क्लिङ्कर मौज्दात रहेको अवस्था छ।' ज्ञापन पत्रमा भनिएको छ-'यस्तो अवस्थामा समेत उद्योगीहरूले एकाएक मूल्यबृद्धि गर्नु आम उपभोक्तामाथि शोषण र अन्याय गर्नु हो भन्ने हाम्रो ठहर छ।' एकातर्फ उद्योगीहरूले सिमेण्ट र छडमा मूल्यबृद्धि गरेर आम उपभोक्तामाथि भार थोपर्ने काम गरेका छन भने अर्कोतर्फ ट्रक व्यवसायीहरूले समेत ढुवानी भाडा बढाएर आम उपभोक्तालाई दोहोरो मारमा पारेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ। उद्योगहरूले मूल्यबृद्धि गर्नुको कारण र औचित्य पुष्टी हुने गरी सम्वन्धित उद्योगहरूको अनुगमन गरि आम व्यवसायी र उपभोक्ताहरूलाई चित्तबुझ्दो जवाफ दिन ज्ञापन पत्र मार्फत प्रशासनको ध्यानाकर्षण गराईएको छ। छानवीनका क्रममा उद्योगीले मूल्यबृद्धि गर्नुपर्नाको औचित्य पुष्टी गर्न नसके त्यस्ता उद्योगीलाई कारवाहीको दायरामा ल्याउन र बृद्धि गरिएको मूल्य क्षतिपूर्तिसहित फिर्ता गराउनेतर्फ कदम चाल्न समेत प्रशासनलाई आग्रह गरिएको छ।

**क्यान्सर**

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

**जिल्ला जनस्वास्थ्य कार्यालय,**
**काठमाडौं, टेकू**

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन–१२



**डा. जगतप्रसाद पराजुली**

विराटनगर मजदूर आन्दोलन पेशागत हक-हित र न्यूनतम सुविधा वृद्धिका लागि गरिएको संगठित संघर्ष थियो । १०-१५ हजार श्रमिकहरूले उठान गरेको यो हड्ताल मजदूर वर्गमा मात्र सिमित रहेन । यस हड्तालको दूरगामी परिणतको रूपमा आम नागरिकहरूलाई सचेत गराउन र भविष्यमा गरिने अझ ठूला आन्दोलनहरूमा सक्रिय सहभागिता जनाउन अधिकतम् गरिने सहायक सावित भयो ।

**२००४ सालको सत्याग्रह :**

मजदूर आन्दोलनलाई स्थानीय सरकारी शक्तिले दबाउन नसकिने छाँट देखेर तत्कालीन वडाहाकिमले केन्द्रबाट थप सेना मगाई उक्त आन्दोलनलाई बलजफ्ती निर्ममतापूर्वक दबाएको थियो । केही मजदूर हताहत भएका थिए । केही श्रमिकहरू गम्भिर घाइते भएका थिए । नेता तथा कार्यकर्तालाई पक्राउ गरी पहाडी घुमाउने बाटो पैदल हिडाएर काठमाडौं ल्याइएको थियो । केही नेता तथा नेतृहरूलाई धनकुटा र भोजपुरका बन्दीगृहमा सकसपूर्ण तवरमा बन्दी बनाइएको थियो । सरकारी सेनाले अमानवीय एवं अभद्र व्यवहार देखाउँदै उनीहरूलाई पैदल हिडाउँदा मार्गमा पर्ने ग्रामिण तथा बजार केन्द्रका सचेत सर्वसाधारण जनताले उक्त दृश्य हेर्न पाए । बाटोमा खानु न पिउनु, खुट्टामा जुत्ता, चप्पलसमेत लगाउन नदिएर डोरी तथा फलामको जंजिरले बाँधेर हिडाएको दृश्यले सर्वसाधरण जनतामा राणा विरोधी भावना विकसित भयो । अधिनायकवादी राणाशासन व्यवस्थालाइ जरैदेखि समाप्त नपारी हुँदैन । जनतालाई अधिकार सम्पन्न गर्न पनि यो व्यवस्थालाई टिकाई राख्नु हुदैन भन्ने अभिज्ञानको राम्ररी संचार भयो । यसरी जनतामा चेतना अभिवृद्धि गर्ने र भविष्यमा ठूलो आन्दोलन चर्काउने क्रममा जनतालाई उत्साहित तुल्याउन यस हड्ताल कार्यले महत्वपूर्ण भूमिका खेल्यो । मजदूर नेताहरूले पनि बन्दी बनाइएका, अंगभंग भएका, हताहत हुन पुगेका व्यक्तिहरूको उचित सम्बोधन भएन भने देशैभर सत्याग्रह चर्काउने कुराको खुलासा गरे । नेपाली कांग्रेसको अगुवाईमा सत्याग्रहको संघर्ष गर्न जनतालाई आह्वान पनि गरियो । उक्त दलको आह्वान अनुरूप मुलुकभर उक्त सत्याग्रह आन्दोलन विस्तारित भयो ।

तराई तर्फका पूर्व, पश्चिम र मध्ये तराई क्षेत्रमा काशीप्रसाद श्रीवास्तवको नेतृत्वमा शिब्वनलाल सक्सेना, रधुनाथ प्रसाद गुप्ता, उदयराज लाल, विश्वनाथ देव, तारणीप्रसाद सिंह, जमिन अलि, गुलाबी सुनार, बन्धु थारू, लगायतका १५० जना भन्दा बढी नेता तथा कार्यकर्तालाई मधेश क्षेत्रमा सत्याग्रह आन्दोलनलाई संगठित गर्ने अभियानको जिम्मेवारी सुम्पिएको थियो । काशीबाबूले देशभित्रको आन्तरिक व्यवस्थापनलाई सुदृढ पार्नुका साथै भारतीय नेतृत्वगणबाट पनि समर्थन जुटाउन बाह्य क्षेत्रको सदासयता प्राप्त गर्ने भूमिका समेत पाएका थिए । उनले जयप्रकाश नारायण, विजया पटवर्धन, राममनोहर लोहिया जस्ता प्रभावशाली नेताहरूको समर्थन मात्र जुटाएका थिएनन्, ति नेताहरू नेपालकै भूमिमा प्रवेश गरेर सत्याग्रहलाई सघाइरहेका थिए । उनीहरूले अनेकौं लेख, रचना, सम्बोधन, भावना र विभिन्न प्रचार सामाग्रीहरूबाट सत्याग्रहलाई सशक्त बनाउन साहसिक योगदान पुऱ्याएका थिए । राणा सरकारले उनीहरू लगायत नेपाली सत्याग्रहीहरूलाई हनुमाननगर जेलमा बन्दी बनाएको थियो । त्यहाँका सर्वसाधरण जनताले सामुहिक कदम चालेर जेलको पर्खाल भत्काई हनुमाननगर जेलमा बन्दी बनाइएका सत्याग्रहीहरूलाई मुक्त गराई सुरक्षित स्थानमा पुऱ्याएका थिए । राणा सरकारले उक्त घटनामा संलग्न व्यक्तिहरूको व्यापक खोजी गरी ठूलो धरपकड मच्चायो । नेपाली सत्याग्रहीहरूलाई बन्दी बनायो । भारतीय नेताहरू स्वदेश तर्फ प्रवेश गरे । उनीहरूलाई पनि पक्राउ गर्न भारत सरकारलाई अनुरोध गरिएको थियो तर त्यसको सुनुवाई हुने कुरै थिएन ।

नेपालको मधेश क्षेत्रका जनताले सत्याग्रहमा उत्साहजनक तवरबाट सहभागिता जनाएका थिए । सत्याग्रहको आन्दोलन सबैभन्दा प्रखररूपमा मधेशमानै चर्किएको थियो । संगठित, विस्तारित र परिस्कृत रूपमा उक्त आन्दोलन परिचालित थियो । पहाडी क्षेत्रमा र काठमाडौंमा समेत सत्याग्रह व्यापक रूपमा संचालित थियो । यस्तो राजनैतिक परिवेशलाई तुरून्तै सम्बोधन गरिएन भने स्थिति नियन्त्रण भन्दा बाहिर जान सक्ने परिस्थिति देखिएको हुनाले राणा सरकारका नीति तथा योजनाकारहरूले तत्कालीन प्रधानमन्त्री पद्मम शमशेरलाई तुरून्तै उदारतापूर्ण सम्बोधन गरेर सत्याग्रहलाई साम्य पार्न सुझाए । सोही मुताविक उनले २००४ सालमा महत्वपूर्ण घोषणा गरे ।

**२००४ सालको घोषणा-वैधानिक कानून :**

प्र.म. पद्मम शमशेर राणाले सत्याग्रहको उत्कर्षलाई दृष्टिगत गरेर २००४ सालमा वैधानिक कानूनको घोषणा गरेका थिए । सत्याग्रहीहरूलाई विनासर्त रिहाई गर्ने, जनतालाई मौलिक हक अधिकार प्रदान गर्ने, लिखित संवैधानिक कानूनका आधारमा राज्य संचालन गर्ने जनतालाई राजनैतिक अधिकार सुम्पदै जाने, प्रजातान्त्रिक अधिकारहरूलाई जनताको मौलिक हक अधिकारको रूपमा ग्रहण गर्ने, स्थानीय तहलाई स्वतन्त्रता र स्वायत्तता प्रदान गर्दै जानेसम्मका विषयहरू त्यस घोषणामा समाविष्ट थिए ।

पद्मम शमशेरको घोषणा अनुरूप नै 'वैधानिक कानून - २००४' नामक संविधान तर्जुमा गरिएको थियो । उक्त संविधान नेपालको प्रथम लिखित संविधान थियो । हुनत जंगबहादुर राणाले आफ्नो प्रधानमन्त्रीत्व कालमा श्री ५ सुरेन्द्र वीरविक्रम शाहदेवको पालामा बनेको मुलुकी ऐन नामक कानूनी प्रकृया प्रारम्भ गरेका थिए । उक्त कानून नेपालको इतिहासमा प्रथम लिखित कानूनका रूपमा परिचित छ । यद्यपी उक्त कानून संवैधानिक रूपमा व्यापक थिएन । शासन संचालनमा मुलुकी बन्दोवस्त सुनिश्चित गर्ने त्यसको प्रयोग गरिएको थियो । हुनत त्यस कानूनले पनि प्रशासनिक प्रवन्धलाई संगठित तथा व्यवस्थित गर्न राम्ररी सघाएको थियो । तथापी त्यसमा मुलुक संचालनका लागि तर्जुमा गरिने मूलकानूनको स्तर र व्यापकता कायम थिएन । सामाजिक आचारण, सामाजिक व्यवहारलाई सुदृढ गर्न उक्त कानून बनाइएको थियो । मुलुक संचालनका अधिकांश विषयहरू त्यसमा समावेश भएका थिएनन । तर पनि लिखित कानूनी हैसियतको शिलशीलामा उक्त मुलुकी ऐनको महत्वपूर्ण स्थान रहेको छ ।

२००४ सालको वैधानिक कानून संवैधानिक इतिहासमा देशको प्रथम लिखित संविधान थियो । यसमा जनताका मौलिक हक अधिकार र नागरिकहरूको कर्तव्य पालनका सवालमा केही राम्रा प्रावधानहरू लिपिबद्ध भएका थिए । जनताले स्वतन्त्रता, समानता र प्रजातन्त्रको उपयोग गर्ने अवसर त्यसमा सुरक्षित गरिएको थियो । कानूनी राज्यको अवधारणालाई मुलुकको शासन व्यवस्था परिचालन गरिने विषयलाई त्यसमा प्रत्याभूत गरिएको थियो । स्थानीय तहमा निर्वाचनको माध्यमबाट प्रतिनिधि चयन गर्न पद्धतिको विकास गर्न पनि खोजिएको थियो । जनसहभागितामूलक प्रतिनिधित्व प्रणालीलाई त्यसले केही हदसम्म वकालत गरेको थियो । स्नातक मध्येबाट प्रतिनिधि छनौट हुने र निर्वाचनको विधिबाट चयन गरिने सन्दर्भलाई त्यसमा उजागर गरिएको थियो । जनतालाई राजनैतिक अधिकार र स्वतन्त्रता प्रदान गर्न शर्त समेत उक्त कानूनमा उल्लेख भएको थियो ।

२००४ सालको वैधानिक कानूनलाई कार्यान्वयन गरिएको भए जनताले केही प्रजातान्त्रिक अधिकारहरू त्यसैबेला देखि व्यवहारत : प्रयोग गर्न पाउथे । मौलिक हकहरू पनि सुरक्षित हुँदै जाने स्थिति बन्दथ्यो । कानूनी राज्यको प्रावधानको जगेर्ना हुँदा राणा शासनको हुकुमी कानूनी व्यवस्था क्रमिक रूपमा रूपान्तरण हुन सक्ने सम्भावना रहन्थ्यो । जनताले पनि मौलिक अधिकारको उपभोग गर्न पाउँदै गर्दा पछिल्ला दिनमा जनधनको क्षति हुने गरी प्रजातान्त्रिक लडाई गर्न पर्देनथ्यो तर उक्त २००४ सालको वैधानिक कानून कागजी खोस्टाको रूपमा सीमित भयो । त्यसको कुनै प्रयोग र कार्यान्वयन भएन ।

**"म राष्ट्रको नोकर हूँ" :**

पद्मम शमशेरले सम्बोधनमा म राष्ट्रको नोकर हुं भनेर आफ्नो अभिव्यक्ति दिएका थिए । उनी राणा प्रधानमन्त्रीहरू मध्ये केही उदार प्रवृत्तिको भएको हुँदा उनको प्रधानमन्त्रीत्व कालमा जनतालाई केही राहत हुने लक्षण पैदा भएको थियो । वैधानिक रूपमा क्रमिक प्रक्रियाबाट प्रशासनिक पद्धतिमा सुधार हुँदै जादा जनतामा सन्तुष्टि बढ्दै जान पनि सक्ने स्थिति थियो । क्रमिक रूपमा प्रजातान्त्रिक अधिकार पाउँदा सर्वसाधरण जनताले खुसी व्यक्त गर्ने परिस्थिति बन्ने थियो । उनीहरूले पद्मम शमशेरको घोषणाबाट ठूलो आशा अभिलाषा पनि जगेर्ना गरेका थिए तर उनले घोषणा गरे अनुरूपका कामहरूको कार्यान्वयन हुन सकेन । उनले त्यसलाई लागु गर्न सकेनन् । उनी लाचार, फितलो र किंम कर्तव्य विमूढको स्थितिमा देखा परे । तत्कालिन स्थिति सम्हाल्न दृढ निश्चयी, आत्मनिर्णय सम्पन्न, सुदृढ मनोबल भएको व्यक्तिले मात्र सम्भव थियो तर उनी फितलो मनोवृत्तिका कमजोर शासक थिए । उनीमाथि बबर शमशेर, मोहन शमशेर जस्ता अत्यन्त प्रतिकृयावादी व्यक्तिहरूको जोरबल, करकाप र दबाब थियो । उनीहरूसँग भिड्न सक्ने हैसियत, खुबी, गुण र सक्षमता थिएन । मोहन शमशेर राणा र प्रधानमन्त्रीको रोलक्रममा रहेकाले सत्ताप्राप्तीमा उनको ध्याउन्न र षडयन्त्र चलि नै रहेको थियो । भाइ-भारदारहरूको ठूलो शक्ति मोहन शमशेरलाई प्रधानमन्त्री बनाएर सत्ताको हालीमुहाली गर्ने तानाबाना बुनिरहेका थिए । कसरी पद्मम शमशेरलाई सत्ताच्यूत गर्ने भनेर रातोदिन षडयन्त्र गरिरहेका थिए ।

पद्मम शमशेरको उदार नीति र वैधानिक कानून २००४ नै उनको अवसानको प्रमुख कारण बन्न पुग्यो । उनले आफूलाई राष्ट्रको नोकर बनाएर जनतालाई मालिक बनाउन चाहेको विषय मोहन शमशेर राणा प्रवृतिका व्यक्तिहरूलाई सही नसक्नु भयो । त्यसैले उनको समूहल पद्मम शमशेरलाई कसरी सत्ताच्यूत गर्न सकिन्छ भन्ने सन्दर्भलाई योजनाबद्ध किसिमले दबाब दिन थाले । वैधानिक कानूनलाई लागू गर्न दिएनन् । जनताका अधिकार कुण्ठित गर्दै गए । विकास निर्माणका कामहरू अगाडि बढाउन दिएनन् । राष्ट्रको ढुकुटी व्यक्तिगत प्रायोजनमा खर्च गरे । एक पटक प्राप्त गरेको अधिकार कटौति हुँदा जनतामा नैराश्यता छायो । उनीहरूमा कुनै पनि राणा शासक जनकल्याणकारी हुन सक्दैनन् भन्ने अवधारणा विकास भयो ।

वैधानिक कानून कागजी खोस्टो बन्न पुगेको प्रसंग जनताका लागि शसह्य साबित भयो । ठीक त्यसैबेला पद्मम शमशेर राणा उपचार गर्ने शिलशीलामा भारतको राँचीतर्फ प्रस्थान गरे । यो घटना मोहन शमशेर प्रवृत्तिका लागि सुनौलो अवसर सावित भयो । अनेकौं समूहले पद्मम शमशेरलाई राँचीमै बस्न सबै किसिमको सुविधा, भत्ता, आर्थिक सहयोग उपलब्ध गराइने कुरा बताएर राजिनामा गर्न दबाब दिइयो । यदि राज्यमा बसेर सत्ताच्यूत गर्ने र कुनै सुविधा पनि उपलब्ध नगराउने भनेर उनलाई बाध्य पारियो । पद्मम शमशेरले पनि आफ्नो अडान कायम राख्न सकेनन् । जनतालाई समर्थनमा लिएर वैधानिकताको सन्दर्भलाई जोडेर जनताप्रति उत्तरदायि बन्न आफ्नो क्षमता प्रकट गरेनन् । सरक्क राजिनामा पठाएर मोहन शमशेरको अशिर्वादमा प्राप्त गरेको सुविधा ग्रहण गर्दै बाँकी जीवन व्यतित गरे ।

**प्रतिकृयावादी शासक मोहन शमशेर राणा :**

पद्मम शमशेर राणालाई राँचीबाटै राजिनामा गर्न बाध्य पार्ने अत्यन्त कठोर, निरंकुश, अधिनायकवादी व्यक्ति मोहन शमशेर राणा नेपालको 'प्राइमिनिस्टर र कमाण्डर इन चिम' भए । उनी ज्यादै अनुदार शासक थिए । स्वेच्छाचारिताका पर्याय पनि थिए । उनले नेपाली जनतालाई स्वतन्त्रता र प्रजातन्त्रको सुविधा प्रदान गर्नु हुँदैन र राणाशासन व्यवस्थाको भविष्यका लागि पनि उनीहरूलाई अशिक्षित अवस्थामा नै रहन दिनु पर्दछ भन्ने चाहना राख्दथे । वैधानिक कानूनलाई उनले खारेज गरिदिए । पद्मम शमशेरका समयमा खोलिएका विद्यालय बन्द गर्न लगाए । कतिपय पुस्तकालय र वाचनालयमा नियन्त्रण कायम गरे । यी सबै क्रियाकलापहरू प्रतिकृयावादी र अनुदार थिए । जनता प्रजातन्त्र र उदारवादी शासन व्यवस्था चाहन्थे । यसले गर्दा जनताको चाहना र मोहन शमशेर राणाको शासन शैलीमा समन्वय हुन सकेन । जनता आन्दोलित भए, अव देशमा संगठित किसिमको जन आन्दोलन संचालन नगरी हुँदैन भनेर नेपाली कांग्रेसको नेतृत्वमा गोलबन्द हुन हतारिन थाले । आफ्ना सम्पूर्ण असन्तुष्टिलाई प्रजातन्त्रको बहालीका निमित्त खर्चिलो अठोट गरे ।

मुलुकभरी सबैतिर राणा शासनको विरोधमा संघर्ष मच्चिने प्रक्रियामा थियो । वि.पी. कोइराला आफ्नो स्वास्थलाई ख्यालै नगरी जनतालाई आन्दोलित गराउन सक्रिय थिए । काशी प्रसाद श्रीवास्तव मधेश क्षेत्रका जनतालाई आन्दोलित तुल्याउन कटिबद्ध भए । समग्रमा २००७ सालको जनक्रान्ति संगठित रूपमा अगाडि बढ्न थाल्यो ।

*क्रमश...*

# जग्गा अतिक्रमण बढ्दै



राकेश यादव, रौतहट । सार्वजनिक चासो तथा गौर नगरवासीका चाहनाको विषय रहेको गौर राइस मिलको जग्गा विस्तारै विस्तारै अतिक्रमण भइरहेको छ । सदरमुकामको बीच भागमा रहेको सो मिलको जग्गा अधिग्रहण गरी सार्वजानिक रूपमा प्रयोग हुने गरी खेल मैदान बनाउनु पर्ने आवाज उठिरहेको बेला मिलको जग्गा व्यक्तिगत प्रयोजनको रूपमा कब्जा हुँदै गएको छ ।

गौर राइस मिल्स एन्ड फलोरको नाउँमा २०२१ सालमा सर्वे नापी भएको करीव ६ विघा जग्गालाइ गौर नगरपालिकाको नाउँमा अधिग्रहण गरिनुपर्ने चौतर्फी रूपमा आवाज उठिरहेका छन् । कुनै सभा सम्मलेन, खेलकूद आयोजना गर्नुपर्ने भएमा ठूलो चौर मिलको जग्गा मात्र विकल्प रहेको छ । मिलको जग्गाको पूर्व, उत्तर, पश्चिम तर्फ पक्की सडक रहेका छन् । बहुमूल्य जग्गा भएकोले सो जग्गा बिक्री गर्न ठूलो रकमी चलखेल भइरहेको बुझिएको छ । मिलको जग्गाको पूर्व उत्तर मुखमा माटो पुरेर पसल सञ्चालन गरिएको छ भने अहिले टहरा निर्माण गरिदैछ । क़ानूनी रूपमा गौर नगरपालिकाको नाउँमा दाखिल खारिज नभए पनि त्यसको रेखदेख नगरपालिकाले गर्दै आएको छ । विना स्वीकृतिको मिलको जग्गामा गुमटी हाल्ने, टहरा बनाउने कार्य गैरक़ानूनी भए पनि नगरपालिकाले कुनै चासो लिएको छैन ।

ठाउँ ठाउँमा पसल राखेर जग्गा अतिक्रमण गर्नु षड्यन्त्र रहेको नगरवासीको ठहर रहेको छ । गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले मिलको जग्गामा बनाउन लागेको टहरा र पहिलादेखि भएको पसल हटाउने बताएका छन् । कुनै बहानामा अतिक्रमण गर्न नपाइने भन्दै प्रमुख गुप्ताले त्यों पसलहरू छिटै हटाई अधिग्रहणको प्रक्रिया अगाडि बढाइने बताए । राइस मिलको जग्गा गौर नगरपालिकाको एउटा स्वाभिमानको रूपमा रहेकोले यसको संरक्षण गर्ने सबैको साझा दायित्व रहेको छ । नेपाल नागरिक समाजका अगुवाहरूको ध्यान पनि यसतर्फ हुनुपर्ने हो ।

# "मधेश ईन्जिनियर्स एसोसिएशन" गठन

वीरगञ्ज । विरगञ्जमा सम्पन्न देशका विभिन्न प्रदेशमा बस्ने मधेशी ईन्जिनियरहरूको अग्रसरतामा सम्पन्न भेलाले 'मधेश ईन्जिनियर्स एसोसिएशन' गठन गरेको छ । भेलाले सप्तरीका संजिव नारायण यादवको अध्यक्षतामा मधेश ईन्जिनियर्स एसोसिएशन गठन गरेको हो । संस्थाको वरिष्ठ उपाध्यक्षमा बाराका मनिष प्रसाद केशरी, उपाध्यक्षमा बिराटनगरका हिरा यादव र सप्तरीका ओम नारायण यादव चयन भएका छन् भने महासचिवमा राजविराजका बिमलेश यादव, सह-महासचिवमा सिरहाका दिपेन्द्र मेहता चयन भएका छन् । यसैगरी सचिवमा वीरगञ्जका दिपक चौरसिया, सह-कोषाध्यक्षमा जनकपुरका संजिव कुमार रोय र मिडिया संयोजकमा भूपेन्द्र कुमार मिश्रा चयन भएका छन् भने कोषाध्यक्ष हाललाई खाली राखिएको छ । १५ सदस्यीयय कार्यसमितिको सदस्यमा लहानका विनोद अधिकारी,महोत्तरीका सर्वेश कुमार यादव, गोलबजारका अजय कर्ण, सप्तरीका ब्रहमदेव यादव, कुन्दन दत्त, जितेन्द्र साह, जितेन्द्र कुमार मण्डल, निर्मल देव, सरोज कुमार यादव,सप्तरीका रामकिशोर यादव, योगेन्द्र कुमार यादव, विकास देव, मनोज यादव, मञ्जय यादव र सुनसरीका बिनोद मण्डल रहेका छन् । सल्लाहकारमा जनकपुरका अविनाश कुमार मण्डल, सिरहाका जयनाथ यादव, राजविराजका सतिश सिंह, बिराटनगरका प्रभुलाल अगरिया, सप्तरीका बलराम यादव र शैलेन्द्र चौधरी रहेका छन् । नव स्थापित संस्थाले मधेश र मधेशी जनताकोलागि आवाज उठाउने र मधेशीहरू बिच सूचना, सहयोगको आदान प्रदान गरेर समृद्ध बनाउन सहयोग गर्ने जनाएको छ । मधेशी ईन्जिनियर्स स्टूडेन्ट यूनियन (मेसु) को अध्यक्ष पदबाट संजिव नारायण यादव राजिनामा गर्दे केही दिन भित्रै मेसु संस्थाको पूनर्गठन गर्ने मधेशी ईन्जिनियर्स स्टूडेन्ट यूनियन (मेसु)का कार्यवाहक अध्यक्ष सुधिर कुमार मण्डलले जानकारी दिएका छन् ।

# राष्ट्रिय सभाको निर्वाचन माघ २५ गते

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवासँग उनको सरकारी निवास, बालुवाटारमा मंगलबार साँझ निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले भेट गरेका छन् । प्रधानमन्त्री देउवासँगको भेटमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले राष्ट्रिय सभा सदस्य निर्वाचनको मिति आगामी २०७४ माघ २५ गते बिहीबार हुने गरी मिति घोषणा गर्न उपयुक्त हुने परामर्श दिएका थिए । भेटका अवसरमा प्रधानमन्त्री देउवाले निर्वाचन आयोगको परामर्श अनुसार नै आगामी मन्त्रिपरिषद्को बैठकबाट माघ २५ गते बिहीबार राष्ट्रिय सभा सदस्यको निर्वाचनको मिति घोषणा हुने जानकारी दिए । प्रधानमन्त्रीसँगको भेटमा आयोगका सचिव बेगेन्द्रराज शर्मा पौड्याल पनि सहभागी थिए ।

# तेली समाजका जनप्रतिनिधिलाई सम्मान



वीरगंज । तेली कल्याण समाज पर्साद्वारा २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा निर्वाचित भएका तेली समाजका व्यक्तिहरूलाई आज एक समारोहका विच वीरगंजमा सम्मान गरिएको छ । वीरगंजको होटल मकालुमा सम्पन्न कार्यक्रममा २ सांसद, ६ जना प्रदेश सभा सदस्य, १ जना मेयर सहित २१ जनालाई सम्मान गरिएको थियो । तेली कल्याण समाज पर्साका अध्यक्ष ध्रुव साह तेलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा तेली कल्याण समाज नेपालका राष्ट्रिय उपाध्यक्ष विश्वनाथ साह तेलीले नवनिर्वाचित जनप्रतिनिधिहरूलाई सम्मान गर्नु भएको थियो । सम्मानित हुनेहरूमा सांसद प्रमोद साह सर्लाही, प्रभु साह रौतहट, प्रदेश सभा सदस्य गौरीशंकर साह तेली सर्लाही, राजेश्वर साह तेली पर्सा, पारस साह तेली वारा, बहुदरमाई नगरपालिकाका नगर प्रमुख नितेन्द्र साह तेली, पुनिलाल साह तेली, अनिल प्रसाद साह तेली, श्रीमति रामावति देवी तेलिन, पन्नालाल साह तेली, रामजी साह तेली लगायतलाई कदर पत्र सहित दोसल्ला ओढाई सम्मान गरिएको थियो । तेली समाजको सदस्य भई नवनिर्वाचित जनप्रतिनिधिहरूले समाजको गरिमालाई माथि उठाउन महत्वपूर्ण भूमिका खेलेको र जनप्रतिनिधिहरूको योगदानको उच्च मुल्यांकन गर्दै सम्मान गरिएको राष्ट्रिय उपाध्यक्ष विश्वनाथ साह तेलीले बताए । सो कार्यक्रममा तेली समाजको उत्थानको लागि महत्वपूर्ण योगदान दिनुहुने पासपात साह तेली र श्रीलाल साह तेलीलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

# छात्राहरूलाई साइकल वितरण



कलैया । कलैयाका समाजसेवी तथा युवा नेता शाईत सिंह शाही (मन्टु शाही) ले रामराजा मोहन विक्रम शाह बहुमुखि क्याम्पसका तीन जना छात्राहरूलाई साइकल वितरण गरेका छन् । क्याम्पसले शनिबार आयोजना गरेको ३६औं वार्षिक साधारणसभा कार्यक्रममा शाहीले आफ्ना बुवा स्वर्गीय गंगा सिंह शाहीको सम्झनामा गरिब तथा जेहेन्दार छात्राहरूलाई साइकल वितरण गरेका हुन् । सामाजिक क्रियाकलापमा अग्रसर रहने शाहीले हरेक वर्ष साइकल वितरण गर्नुका साथै छात्रबृति समेत प्रदान गर्ने गरेका छन् । टाढाबाट पढन आउँदा कठिनाई हुने भएका कारण केही हदसम्म भएपनि सहयोग गर्ने अभिप्रायले आफूले विद्यार्थीहरूलाई सहयोग गर्दै आएको शाहीले बताए ।


**शीत-लहरीके समयमे ठण्ढीसा लोकके मृत्युसेहो भ' सकैत छै तो,**

- गरम कपडाक व्यवस्था करू ।
- शीत–लहरीके समयमे घरबाहर खुला स्थानमे बेशी समय नईँ रहू, घर बाहर जाय परए वा बेशी समय रह' परए त गरम कपडा पहिरू ।
- राइतमे सिरक, कम्बल जेहन ओढना ओढू । घरभितर राइतमे सुतबाकाल शरीरके सँगहि छाती आ माथके झाप' के ओरिआओन करू ।
- शीत–लहरी चलल समयमे आइग ताइपक' शरीरके गरमेने रहू, छाती आ माथके ठण्ढासा बचाउ ।
- ठण्ढीके समयमे शरीरके लेल आवश्यक गरम खायबला वस्तुसब खाउ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# विश्व समुदाय...

## अतिवादी संगठनहरू राजनीतिमा समाहित भए चुनौती

-मंजूर अहमद

पाकिस्तानी अधिकारीहरूले अमेरिकासँगको सम्बन्धमा कुनै अवरोध स्थिति उत्पन्न नहोस भन्ने उद्देश्यले मुम्बई आतंकवादी घटनाका मुख्य संचालक हफिज सईदलाई कमै झूठो बोल्न दबाब दिएका छन्। तर त्यो भारतविरोधी क्रियाकलापले आगामी वर्षको निर्वाचनलाई अवरोधित पार्न सक्छ। जनवरी, २०१७ मा पुन : गिरफ्तार गरेपछि अदालतले उसलाई मुक्त गर्ने आदेश दिएपछि वाशिंगटनले इस्लामले वर्चश्व पाएकोमा आधिकारीक रूपमा सईदलाई मुक्त गरेकोमा पुन : गिरफ्तार गर्ने माग गरेको छ। जबकि सईदलाई स्वतन्त्र गरेपछि पाकिस्तानले अमेरिकासँग सईदसँग सम्बद्ध संगठनलाई राजनीतिक दलका रूपमा स्वीकृती दिने माग गरेको छ। पाकिस्तानको आन्तारिक मामिला मन्त्रालयले मिल्ली मुस्लिम लीग (एम.एम.एल.) ले राजनीतिक दलका रूपमा निर्वाचन लड्ने वा निर्वाचनमा सहभागी हुन दिईएको स्वीकृती प्रति विरोधी जनाएको छ भने भारतले सईदको दातृ संगठन प्रशासनलाई सो बारे अनुरोध गरेको छ। त्यसो गर्दा मन्त्रालयले मिल्ली मुस्लिम लीग जमात उद-दावा को आतंकवादी संगठन रहेको छ भने लश्कर-ए-तैयबा समेत रहेको छ र त्यसको संरक्षक सईद नै रहेको छ, जसले मुम्बईमाथि आक्रमण गरेको छ। त्यसैले पाकिस्तान निर्वाचन आयोगले मिल्ली मुस्लिम लीगलाई अहिले मान्यता दिएको छैन। जबसम्म सईद जेल र गृह नजरबन्द रहनेछ तबसम्म उसलाई राजनीतिक मूलधारमा समाहित नगर्न र निर्वाचनको प्रचारबाजी गर्न नपाउने गरी मन्त्रालयले रोक लगाएको छ। सईदलाई नजरबन्द बाट मुक्त गरेको लाई निर्वाचित पूर्व राष्ट्रपति, सेवानिवृत्त जनरल परवेज मुर्शरफले स्वागत गर्दै दुबईबाटएक वक्तव्य प्रकाशित गरी फर्केर निर्वाचनमा सहभागी हुने योजना गरीरहेको छ भने सँधै सईद र लश्कर-ए-तैयबा तथा जम्मू र कश्मीरमा उसको अभियानलाई समर्थन गरेको थियो भन्ने वक्तव्य दिएको छ।

मुशर्रफको सईद सम्बन्धी कारबाहि विरोधाभासपूर्ण रहेकोछ किनकि आफ्नो राष्ट्रपतित्व कालमा लश्कर-ए-तैयबालाई अवैधानिक घोषित गरेको थियो। तर पाकिस्तानको जनजीवनको सम्झना भ्रामक रहेकोछ। आगामी निर्वाचनको अनुगमन तथा निर्देशनको प्रयासमा लागेको सैनिक संरचनाले मुशर्रफलाई घर फर्केर राजनीतिमा लागेमा त्यसले सरकारी संरचनाको योजनालाई नराम्ररी प्रभावित गर्ने हुँदा त्यसलाई रूचाएको छैन। त्यसैले पाकिस्तानको धमिलो राजनीतिक परिदृश्यमा मुशर्रफ र सईद दुबै जनामाथी पूर्ण निगरानी राख्नु पर्दछ। भारतको अनुरोधलाई स्वीकार अमेरिकाले जमात-उद-दावा को प्रमुख हफिज सईदद्वारा नवगठित राजनीतिक दल मिल्ली मुस्लिम लीग र पाकिस्तानस्थित अन्य संगठनहरू समेतले आतंकवादलाई प्रवर्द्धन गर्ने संस्थामा दर्ज गरेकोलाई संचार माध्यमहरूले समेत सार्वजनिक गरेको छ। पाकिस्तानका सही राजनीतिक दलहरू भएभीत भै सकेको छ कि यदि अतिवादी साम्प्रदायिक संगठनहरू राजनीतिक मूलधारमा समाहित भएपछि तिनीहरूले प्रतिस्पर्धामा धेरै चुनौतिको सामना गर्नु पर्नेछ।



चीनले गर्दा पाकिस्तान उसलाई आफ्नो सदाबहार मित्र ठान्दै आफूलाई परमाणु अस्त्र सम्पन्न ठानी गर्व गर्दै भारतमाथि आक्रमण गर्नबाट पनि हच्केको छैन र भारतलाई एउटा सबक दिन १९६२ मा आफ्नो स्वतन्त्रता सेनानीलाई भारतीय भू-भागमा समेत पठाउन हच्केको थिएन। युद्ध संचालन गर्ने पाकिस्तानको स्थायी प्रवृत्ति रहँदै आएकोमा हाल चीनको निर्देशनमा सो क्रमले नयाँ विकास र गति लिएको छ र जो १९६२ को अक्टोबर को दशकौं पश्चात पुनः गतिमान हुन पुगेको छ। सैनिक रूपमा शक्तिशाली भए देखि चीनले खाली भारतलाई मात्र चुनौती नदिएर अन्य त्यस्ता सबै देशहरूलाई समेमत चुनौति दिदँ आएको छ, जसले उसको विवादित सामुद्रिक र भू-भागीय दाबीहरूको विरोध तथा प्रतिरोध गर्दछ। चीनमा एक पार्टीको शासन अर्थ तानाशाही शासकहरूले नम्र आवाजहरूको कदर गर्न सिकेको छैन बरू विद्वान तथा अधिकारवादीहरूले सुझाए पछि तिनीहरूलाई कडा र अमानवीय सजाय निरन्तर मात्र दिने गरिएको छैन कि क्यान्सर जस्तो कडा रोग लागेकाहरूलाई समेत प्रतिरोध जनाउँदा जेलमा हाल्ने गरिएकोछ ?

बेजिङ्गबाट संचालित हुँदै आएका सबै प्रकारका जघन्य अपराधिक कार्यहरूलाई यदि भारतले बेवास्ता गर्छ भने त्यो भारतको गल्ती हुन्छ। चिनियाँ शासनबाट प्रसारित त्यस्ता हउवादितापूर्ण विचारहरू चीनको निरंकुश मानसिकता र स्वभावको सही प्रदर्शन गर्दछ कि उ विश्वको आर्थिक तथा सैनिक रूपमा सबैभन्दा शक्तिशाली देश हो र त्यसको प्राप्तिका लागि उसले नियमित रूपमा उसँग विमति राख्ने देशहरूमाथि प्रहार गर्दै आएको छ ? जहाँसम्म भारतको कुरा छ, भारत निकट भविष्यमा आर्थिक दृष्टिले उसलाई चुनौति दिने शक्तिको रूपमा मुखरित हुन थालेको छ। तर चीन आफ्नो त्यस स्वप्नलाई महशुश गर्न चाहन्न कि अन्य राष्ट्रहरूले थिच्ने कार्य बन्द नगरेसम्म उ विश्वको सबैभन्दा शक्तिशाली राष्ट्र बन्न सक्ने छैन। चीनको यो गलत अवधारणा छ कि सैनिक रूपमा नभए पनि आर्थिक दृष्टिले भारत उसको निकटतम प्रतिद्वन्दी रहेकोले आफ्नो राज्य नियन्त्रित संचार माध्यमहरू मार्फत गलत प्रचारबाजी गर्नु गराउनु युद्धपूर्ण स्थितिको परिचायक हुने हँदा त्यसलाई परित्याग गर्नु पर्छ। भारतको अमेरिका, जापान आदि देशहरूसँग बढ्दो सम्बन्ध बारे चीनले आरोप लगाउदै आएपनि चीनको गलत दृष्टिकोण र दुष्प्रचार बाजीका बाबजूद पनि भारतले अहिलेसम्म कुनै राष्ट्रसँग सैनिक गठबन्धन गर्ने कार्यलाई प्रश्रय दिएको छैन।

पूरै विश्वलाई थाहा छ कि अहिलेसम्म चीनले विकासशील राष्ट्रहरूमा आयोजना संचालन गर्न अर्थ प्रबाह गर्दै सहयोग गर्दै आए तापनि अन्ततः त्यस्ता सहयोग प्राप्त गर्ने राष्ट्रलाई दिएको अनुदानलाई सहूलियतपूर्ण ऋणको रूपमा परिवर्तित गर्न थालेको बंगलादेशको प्रत्यक्ष अनुभूति छ। यो स्पष्ट भै सकेको छ कि चीन कसैलाई माया गर्ने देश होइन ? चीनले अन्य देशहरूमा सहयोगका नाम ठूला खर्च गर्नु उसको बदनियती हो जसलाई उसले लुकाउँदै आए पनि भारत उसको शर्मनाक दष्टतासँग सुपरिचित छ ? पाकिस्तान सरकार अतिवादी संगठनहरूलाई पटक-पटक राजनीतिक गतिविधिहरू संचालन गर्ने कार्यलाई रोक्न असफल रहेको अवस्थालाई, विश्व लगायत पाकिस्तानका विश्लेषकहरू समेतले समस्यामूलक रहेको ठम्याएका छन्। अमेरिका मात्रले त्यस्तो क्रियाकलापहरू बन्द गर्न चाहेको छैन कि देशभित्र र बाहिर रहेका पाकिस्तानीहरू समेतले त्यसलाई रोक्न माग गर्दै आएका छन्। लाहौरको दैनिक समाचार पत्र द डेली टाइम्स ले आफ्नो सम्पादकीय मार्फत समेत पाकिस्तानी अधिकारीहरू समेत त्यस सम्बन्ध स्पष्ट नीति-निर्देशन बनाउन नसकेकोले त्यसलाई पूर्ण रूपमा संचालन गर्न सकेका छैनन भन्ने टिप्पणी गरेको छ। तीन वर्ष अगाडि पेशावरस्थित सैनिक पब्लिक स्कूलमाथि आतंकवादी आक्रमण भएपछि-राष्ट्रिय कार्य योजना (नेशनल एक्शन प्लान-नाप) अन्तर्गत यो निर्णय गरिएको थियो कि प्रतिबन्धित संगठनहरूलाई विभिन्न नाममा संचालन गर्ने अनुमति दिइने छैन, तर व्यवहारमा आजसम्म त्यो संचालित रहँदै आएको छ। यो विदित तथ्य हो कि मिल्ली मुस्लिम लीग प्रतिबन्धित जमात-उद-दावाको अर्को रूप भए पनि त्यो वगावत गर्दै संचालित रहेको छ। देशको नागरिक र सैनिक नेतृत्वले आफ्नो देशको स्थायीत्व र सुरक्षाका लागि त्यस्ता साम्प्रदायिक आतंकवादी संगठनहरू विरूद्ध केही गर्न सकेका छैनन् भन्ने समेत त्यस समाचारपत्रले सम्पादकीयमा उल्लेख गरेको छ।

कराचीबाट प्रकाशित डान पत्रिकाले सरकारद्वारा एम.एम.एल. को प्रतिरोध गर्ने कार्यलाई सही आधारमा सही निर्णय गरेकोलाई राज्यका सबै संस्थाहरूद्वारा सहयोग गर्नु पर्दछ। भन्ने सार्वजनिक गरेको छ। एम.एम.एल. ले इस्लामाबाद उच्च न्यायालयमा आन्तरिक मामिला मन्त्रालयद्वारा उल्लेख गरिएको शर्तलाई उल्लेख गर्दै निवेदन दिए पनि त्यसमाथि केही सुनुवाई भएको छैन। डान पत्रिकाले आफ्नो एक सम्पादकीयमा- एम.एम.एल.ले जे जस्तो दाबी गरे पनि यो सर्वविदित छ कि प्रत्याशी त्यस राजनीतिक दलको लश्कर-ए-तैयबा र जमात-उद-दावासँग गहिरो मौलिक गठबन्धन रहेको छ। एम.एम.एल. लाई निर्वाचकीय राजनीतिमा भाग लिने स्वीकृति दिनुको अर्थ लश्कर-ए-तैयबा र जमात-उद-दावा लाई सहभागी हुने स्वीकृत दिनुको अर्थ ती दुई संगठन र अन्य त्यस्तै संगठनहरूको गतिविधिमाथि निगरानी र सतर्कता राख्नु पर्ने अभिव्यक्ति सार्वजनिक गरेको छ। त्यस समाचारपत्रले त्यस्तो गरिएको खण्डमा अर्को अतिवादी संगठन टी.एल.वाई.आर.ए. (बरेल्भी सुन्नी समुदायको संगठन) र अर्को त्यस्तै संगठनहरू समेतले आफ्नो राजनीतिक गतिविधिहरू व्यवस्थित गर्ने प्रयास गर्नेछन्। अन्तमा डान पत्रिकाले त्यस्ता गतिविधिहरू संचालन गर्ने संगठनहरूलाई अनुमति दिनु हुँदैन भन्ने निष्कर्षपूर्ण सुझाव सरकारलाई दिएको छ। *–एजेन्सी*

# जिल्ला समाचार

## धुर्मुशद्वारा कम्बल वितरण



जनकपुरधाम। हास्य कलाकार सीताराम कट्टेल 'धुर्मुश'ले दलित बस्तीका समुदाय र अनाथालयका बालबालिकालाई न्यानो कपडा वितरण गरेका छन्। जनकपुर उपमहानगरपालिका-१ स्थित धर्मवान टोलको दलित बस्ती र जनकपुरको कविर अनाथ बालआश्रममा कम्बल वितरण गरिएको हो। चिसोसँगै चलेको शीतलहरले कठचांग्रिन बाध्य धर्मवान टोलका ८० घरपरिवारलाई बुधबार धुर्मुसले कम्बल घरघरमा पुगेर वितरण गरेका थिए। त्यसैगरी जनकपुर उपमहानगरपालिका-८ स्थित कविर अनाथ बाल आश्रमका १० बालबालिकाका लागि २० वटा कम्बल उनले आश्रमका सञ्चालक सत्यनारायण आलोकलाई हस्तान्तरण गरेका छन्।

## हिन्दू परिषद् पर्सामा नयाँ कार्यसमिति

वीरगंज। हिन्दू परिषद् नेपाल पर्सा जिल्ला कार्यसमिति पुनर्गठन गरिएको छ। बुधबार एक कार्यक्रमका बीच हिन्दू परिषद् नेपालका संस्थापक एवं संरक्षक पंडित पुरूषोत्तम दुबेको सभापतित्वमा सम्पन्न बैठकले धर्मेन्द्र पटेलको अध्यक्षतामा ३१ सदस्यीय पर्सा जिल्ला समिति गठन गरेको छ। समितिको वरिष्ठ उपाध्यक्षमा डा. अनिल झा, उपाध्यक्ष राजकुमार मिश्रा, महिला उपाध्यक्ष उषा पटेल, सचिव घन्श्याम सापकोटा, सह सचिव उदयकान्त झा, कोषाध्यक्ष गोमा उपाध्यायका रहेका छन्। वीरगंज माइस्थान चौकस्थित राधिका मोभिज प्रा.लि.को सभाहलमा पुनर्गठन गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि हिन्दुवादी अगुवा नेता एवं धर्माचार्य भोला बाबा, संस्थापक एवं संरक्षक पंडित पुरूषोत्तम दुबे र केन्द्रिय अध्यक्ष संतोष पटेलले नव निर्वाचित पदाधिकारी एवं समितिका सदस्यहरूलाई स्वागत तथा सम्मान गरेका थिए। त्यस्तै, धर्मको रक्षा गरौं र सभ्य समाजको निर्माण गरौं भन्ने मूल नाराका साथ स्थापित परिषदको एक कार्यक्रमका बीच हिन्दू परिषद् नेपालको केन्द्रिय सदस्यमा विजय गुप्ता, अनिरूद्ध सिंह, शिव गोयल, संजय सर्राफ, बारा जिल्ला संयोजकमा कलैया मोतिसर निवासी सुकदेव साह कानु, महिला संगठनको केन्द्रिय सदस्यमा उषा श्रीवास्तव र सावित्री श्रीवास्तवलाई चयन गरिएको हिन्दु परिषद नेपालको केन्द्रिय अध्यक्ष संतोष पटेलले बताए।

## जवरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बाँके। जवरजस्ती करणी गरेको अभियोगमा सुर्खेतको बिरेन्द्रनगर नगरपालिका-६ बस्ने निरज गुरूङलाई प्रहरीले पक्राउ गरेको छ। गुरूङले शनिबारराति नेपालगंज उपमहानगरपालिका-३ स्थित सिग्नेट होटलको कोठा नं. ३०५ मा बसेकी बर्दिया बासगढी नगरपालिका-६ घर भएकी १९ बर्षीया युवतीलाई जवरजस्ती करणी गरेको बताइएको छ। प्रहरीले घटनाको अनुसन्धानको लागि सुर्खेतको बिरेन्द्रनगर नगरपालिका-६ बस्ने मनोज भारतीलाई समेत नियन्त्रणमा लिएर यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## ट्र्याक्टरले किचेर बालकको मृत्यु

कपिलवस्तु। ट्र्याक्टरले किच्दा एक १५ महिने बालकको मृत्यु भएको छ। महाराजगंज नगरपालिका-५ ईटरोल बस्ने दिपराज अहिरको छोरा १५ महिनाको नवराज अहिरको मृत्यु भएको छ। उनकै घर अगाडि बाटोमा खेलिरहेको अबस्थामा लु.३ त ६१२४ नम्बरको ट्र्याक्टरले किच्दा मंगलबार घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। ट्र्याक्टर दुर्घटनास्थलमै छोडेर फरार भएका चालकको खोजी कार्य भइरहेको छ।

## बसको ठक्करबाट एकको मृत्यु

कैलाली। बसको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ। लम्कीचुहा नगरपालिका-१ लम्की चोकमा ना.६ ख १०४४ नम्बरको बसले मंगलबार सोही नगरपालिका-१ भुरूवा बस्ने साईकलयात्री ५० वर्षीया मनसरा न्यौपानेलाई ठक्कर दिएको थियो। ठक्करबाट गम्भीर घाइते भएकी न्यौपानेको स्थानीय लालरत्न अस्पतालमा उपचार हुन नसकी नेपालगंज रिफर गरेकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। उक्त बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## सहकारीको योगदान महत्वपूर्ण

दिनेश ठाकुर, नेपालगन्ज। राज्यले तीन खम्बे अर्थनीति स्वीकार गरेपछि सहकारी क्षेत्रको विकासमा पनि तिव्रता आएको छ। ग्रामिण क्षेत्र र शहरी क्षेत्रमा खुलेका सहकारीले आम नागरिकको जिविकोपार्जनमा समेत सहयोगी भूमिका निर्वाह गरिरहेको पाइएको छ। सहकारीले सामाजिक क्षेत्रमा समेत अगवाई गर्दै आएका छन्।नेपालगन्जस्थित ग्लोबल बचत तथा ऋण सहकारी संस्थाको ५ औं बार्षिक साधारण सभाको अवसरमा आईतबार असहाय बालबालिकालाई सहयोग गरिएको छ। संस्थाले हरेक बर्ष ५ जना असहाय बालबालिकाहरूलाई निशुल्क शिक्षा प्रदान गर्नका लागि सहयोग गर्ने घोषणा गरेको हो। साधारण सभामा जिल्ला बचत तथा ऋण संघका अध्यक्ष बिनोद कुमार शाहले सहकारी क्षेत्रले गरिरहेको काम उदाहरणीय भएको बताए।

## साँढेको अक्रमणबाट मृत्यु

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तुको महाराजगञ्ज नगरपलिकामा साँढे गोरूको अक्रमणबाट एक बालिकाको मृत्यु भएको छ। साँढेको अक्रमणबाट महाराजगञ्ज नगरपालिका वडा नं ३ का द्धावारीका गुप्ताको १३ बर्षीय छोरी जानकी गुप्ताको मृत्यु भएको छ। विगत एक हप्तादेखि साँढे गोरूले महाराजगञ्ज आसपासमा आतांक मचाएको छ। साँढेको आक्रमणबाट महाराजगञ्ज चमरसठमा दुई महिला घाइते भएका छन्। त्यस्तै बगाहियाका सुसु भानिनेको ढाड भाँचिएको छ। उनको भारतको लखनाउमा उपचार भइरहेको रामबली यादवले बताए। त्यस्तै साडेले उनलवालियमा दुई जना घाइते बनाएको छ। गौडहवामा पनि चार जना घाईते भएको इलाका प्रहरी कार्यालय महाराजगञ्जले जानकारी दिएको छ। साढेले बाटोमा हिडडुल गरेका जो कोहीलाई पनि अक्रमण गर्ने गरेको मनोवर धुनियाले बताए। अहिले सम्म करिब दर्जन भन्दा बढी स्थानिय घाइते भएका छन्।

## आगो ताप्न नगरपालिकाद्वारा दाउरा वितरण

कपिलवस्तु। जाडो बढेपछि जनजीवन कष्टकर हुँदा आगो ताप्नका लागि बुद्धभूमि नगरपालिकाले वितरण गरिरहेको छ। सर्वसाधारणलाई आगो ताप्न दाउराको अभाव भएको गुनासो आएसँगै यहाँको बुद्धभूमि नगरपालिकाले नगरभित्रका विभिन्न ठाउँमा दाउरा वितरण गरिरहेको छ। इमिलिया, गोरूसिंहे, महेन्द्रकोट, बुड्डी, डुमरा चोक, हरिहरपुर, मानपुर चेतरदिया, धनकौलीलगायत स्थानमा एक चट्टा बढी दाउरा वितरण गरिसकिएको नगरपालिकाले जनाएको छ। दाउरा प्रायः कम पाइने ठाउँमा दाउरा वितरण गरिएको छ।

## अवधी पाठ्यक्रम निर्माणका लागि नक्सांकन

नेपालगनज। पश्चिम नेपाल नवलपरासीदेखि कञ्चनपुर जिल्लासम्म बोलिने अवधी भाषामा पाठ्ंयक्रम सामग्री निर्माणकाज्ञ लागि क्षेत्रको नक्सांकन गरिएको छ। नेपालगञ्जमा आयोजित एक कार्यक्रममा अवधीविज्ञ, शिक्षक, साहित्यकार तथा अगुवाको सहभागितामा सो नक्शांकन गरिएको हो। विश्व शिक्षाको सहकार्यमा बाँके युनेस्को क्लबले नेपालगञ्जमा मंगलबार कार्यशालाको आयोजना गरेको थियो। बाँके जिल्लालाई केन्द्र मानी अवधी भाषामा बालबालिकाका लागि पाठ्यक्रम तयार पारिनेछ। नक्शांकनपछि अब विद्युतीय सफ्टवेयरमा पाठचक्रम निर्माणको काम शुरू हुने जनाइएको छ। पाठचक्रम तयार भएपछि कक्षा १, २ र ३ का विद्यार्थीलाई आफ्नै मातृभाषामा पढ्न, लेख्न र सिक्ने कार्यमा सहजता हुनेछ।

# पत्रपत्रिकाबाट...

## काश्मिरी युवाको सफलताको प्रशंसा

नयाँ दिल्ली, भारत। प्रधानमन्त्री मोदीले आफ्नो नेतृत्वको सरकारले मुसलमान महिलालाई हजमा जाने विषयमा ठूलो कदम चालेको बताउनुभएको छ। मासिक रूपमा हुने प्रधानमन्त्रीको रेडियो सम्बोधन 'मन कि वात'को ३९ औं शृङ्खलामा प्रधानमन्त्रीले मोदीले भन्नुभयो, "मुसलमान महिलाले हजमा जान कुनै अनुमति लिनुपर्ने छैन। चाहेको खण्डमा उनीहरूले हजमा जान स्वतन्त्र रहने छन्। यसका लागि सरकारले धेरै विषयमा काम गरेको छ।" प्रधानमन्त्री मोदीले भन्नुभयो, "मैले जम्मू तथा काश्मिरमा केही त्यस्ता छोरीहरूलाई भेटेँ, जसको उत्साह देखेर म चकित बनेको छु। आतङ्कवादी गतिविधिले सङ्कटग्रस्त बनाएको क्षेत्रका युवामा यस किसिमको उत्साह देखिनु सकारात्मक कुरा हो।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जम्मु तथा काश्मिरमा द्वन्द्वका कारण घर गुमाएका २७ वर्षीय युवा अन्जुम बासिर खानले यस वर्ष भारतीय सरकारी सेवामा पाएको सफलतालाई दिलैदेखि प्रशंसा गर्नुभयो।

उहाँले भन्नुभयो, "अन्जुम जम्मु तथा काश्मिरका लागि मात्र होइन सम्पूर्ण भारतका लागि प्रेरणाको स्रोत हुनुभएको छ।" उहाँले थप्नुभयो, "बासिर खानको प्रेरणादायी कथा मैले आज मात्र थाहा पाए। आतङ्कवादको पीडा तथा घृणाको शिकार बनेका खानले काश्मिरको प्रशासनिक परीक्षामा सर्वोत्कृष्ट स्थान हासिल गर्नुभयो। आज उहाँ सबैका लागि प्रेरणाको स्रोत हुनुभएको छ।"

## तीर्थयात्रीका लागि सेवा शिविर

काठमाडौ। माघेसंक्रान्तिको अवसरमा गंगासागरमा स्नान गर्न आउने तीर्थयात्रीका लागि सेवा शिविरको स्थापना हुने भएको छ। संयुक्त नेपाली केन्द्रीय सेवा संघ कोलकाता, भारतले विगत वर्ष जस्तै यस वर्ष पनि सेवा शिविरको स्थापना गर्न लागेको जानकारी दिएको छ। भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च कोलकाताको व्यवस्थापनमा यही पुस २६ देखि आगामी माघ २ गतेसम्म कोलकातास्थित आउटट्रामघाट (बाबुघाट)मा तीर्थयात्रीका लागि निःशुल्क स्वास्थ्य केन्द्रको पनि व्यवस्थापन हुने संघले प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

## सीमास्तम्भको अध्ययन सर्वेक्षण

धनगढी। नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले कैलाली र कञ्चनपुर जिल्लाका सीमास्तम्भको अवस्थाबारे स्थलगत अध्ययन शुरू गरेको छ। नेपालका तर्फबाट नापी विभागका प्रमुख नापी अधिकृत सुदर्शनसिं धामी र भारतका तर्फबाट देहरादुन नापी कार्यालयका प्रमुख आरसिं भट्टको नेतृत्वको टोलीले भारतसँग सीमा जोडिएको कैलालीको पूर्वी खक्रौला सीमा नाकादेखि कञ्चनपुरका पुरानो सीमा बजार ब्रह्मदेव नाकासम्मका सीमा स्तम्भको अवस्था अध्ययन गर्न लागेको हो। कैलाली जिल्लाको सुरूआतको ७०० नम्बरको सीमा स्तम्भदेखि ब्रह्मदेव नजिकको सीमामा रहेको ८११ नम्बरसम्मका सीमा स्तम्भको अवस्था, भत्केका बिग्रेका फेला पारेको पाइएमा तिनको पुनःनिर्माणको पहल गर्ने अधिकार सर्भे टोलीलाई दिइएको छ। विवादित क्षेत्र पाइएमा यस्ता क्षेत्रका सीमास्तम्भका बारेमा दुवै देशका माथिल्लो निकायकाबीच हुने सहमतिबमोजिम काम अघि बढ्ने जनाइएको छ। यो टोलीलाई ७ नं प्रदेशका कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला जिल्लामा पर्ने नेपाल-भारत सीमास्तम्भको सर्भेसम्बन्धी काम गर्ने अधिकार दिइएको छ।

## नेहरू विविका उपकुलपतिलाई आमन्त्रण

काठमाडौं। त्रिभुवन विश्वविद्यालयले आइतबार गर्ने ४३औं दीक्षान्त समारोहको तयारी पूरा भएको छ। ललितपुरस्थित पुल्चोक क्याम्पसको खेल मैदानमा हुने समारोहको तयारी पूरा भएको त्रिविका परीक्षा नियन्त्रक कार्यालयका सहनियन्त्रक पशुपति अधिकारीले जानकारी दिए। समारोहको प्रमुख अतिथिमा भारतको जवाहरलाल नेहरू विश्वविद्यालयका उपकुलपति प्रा डा एम जगदीश कुमारलाई आमन्त्रण गरिएको हो।त्रिविको दीक्षान्त समारोहमा विदेशस्थित विश्वविद्यालयका प्राज्ञिक व्यक्तित्व प्रमुख अतिथि हुने परम्परा छ।

## भारतीय श्रोतामाझ नेपाली कलाकार

नवलपरासी : नवलपरासीका युवा भोजपुरी गायक महावीर मौर्या भोजपुरी गायकका रूपमा भारतीय श्रोतामाझ लोकप्रिय भएका छन्। नवलपरासीको पाल्हीनन्दन गाउँपालिका विसुनपुरा, निवासी मौर्याले भोजपुरी भाषाका दर्जनौं भिडियोमा गीत गाउनुका साथै कलाकारको भूमिकामा खेलेका छन्। मुख्य रूपमा भारतको उत्तर प्रदेश र बिहार राज्यमा बोलिने भोजपुरी भाषामा नवलपरासीका गायककार मौर्याले धेरै गीति एल्बम बजारमा ल्याएका छन्।

